CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिणकालिका, हरिशङ्करजात्रा र शिखरनारायण

कुलचन्द्र कोइराला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिणकालिका, हरिशङ्करजात्रा र शिखरनारायण

कुलचन्द्र कोइराला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक
कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान
बानेश्वर, काठमाडौं, नेपाल

मूल्य : १००।-
संस्करण : प्रथम
सर्वाधिकार : प्रकाशकमा
प्रकाशनप्रति : पाँच सय मात्र
प्रकाशनकाल : १४ जेठ २०७४
भाषिक शुद्धीकरण : हरि मञ्जुश्री
अक्षराङ्कन : गीता मञ्जुश्री, बनेपा, काभ्रे
आवरणसज्जा : इ. रोशन मञ्जुश्री अधिकारी
मुद्रण : सर्वश्री क्वालिटी प्रिन्टर्स, बनेपा, काभ्रे
सहयोग : डा. कुलप्रसाद कोइराला (मन्तव्य) र नभेन्द्र पौडेल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

वरिष्ठ संस्कृतिविद् एवं साहित्यकार कुलचन्द्र कोइरालाद्वारा लिखित पुस्तकहरू उहाँको नाउँमा स्थापित 'कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान' बाट उहाँको जन्मदिवसको अवसर पारेर हरेक वर्ष प्रकाशित हुँदै आएका छन् । यसै क्रममा यस वर्ष पनि उहाँका तीनवटा लामा-लामा सांस्कृतिक लेखहरूको सङ्ग्रहका रूपमा 'दक्षिणकालिका, हरिशङ्करजात्रा र शिखरनारायण' नामक प्रस्तुत प्रकाशन गरिएको छ ।

यसमा रहेका तीन लेखमध्ये दक्षिणकालिकासम्बन्धी लेख 'प्राचीन नेपाल' पत्रिकामा, हरिशङ्करजात्रासम्बन्धी लेख 'प्रज्ञा' पत्रिकामा र शिखरनारायण मन्दिरसम्बन्धी लेख 'वैष्णव सम्प्रदाय र नारायण मन्दिर' पुस्तकमा छापिएका छन् । एउटै भौगोलिक क्षेत्र र संस्कृतिसँग सम्बन्धित रहेकाले यी तीनैवटा लेखहरूलाई सङ्ग्रह गरी पुस्तकका रूपमा प्रस्तुत गरिएको छ । 'प्राचीन नेपाल' मा प्रकाशित लेखमा केही अंश छुटेको कुरा लेखकको हस्तलिपिबाट थाहा भएको हुँदा यस पुस्तकमा छुट भएको अंश पनि थप गरिएको छ ।

प्रस्तुत पुस्तकले यस प्रतिष्ठानका अन्य प्रकाशनहरूले जस्तै पाठकवर्गको उचित स्नेह पाउनेछ भन्ने आशा राखिएको छ ।

यस पुस्तकका विषयमा मन्तव्य लेखिदिने प्रा. डा. कुलप्रसाद कोइराला, सामग्रीहरूको सङ्कलन गर्नमा सहयोग गर्ने जीवनचन्द्र कोइराला, भाषिक शुद्धीकरण गरिदिने हरि मञ्जुश्री, विविध सहयोग गर्ने नभेन्द्र पौडेल, अक्षराङ्कन गरिदिने गीता मञ्जुश्री, आवरणलाई सजावट दिने इ. रोशन मञ्जुश्री अधिकारी र मुद्रण गरिदिने सर्वश्री क्वालिटी प्रिन्टर्सका प्रोप्राइटर अमृत अधिकारीलाई धन्यवाद व्यक्त गर्दछु ।

– डा. लोकविक्रम थापा

१० जेठ २०७४

अध्यक्ष

कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

१.	दक्षिणकालिका	५
२.	हरिशङ्करजात्रा	३२
३.	शिखरनारायण	४१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिणकालिका

भौगोलिक स्थिति :

नेपाल उपत्यकाको दक्षिण-पश्चिमको बीच नैऋत्य कोणतिर उपत्यकाको निम्नोच्च भूभागभन्दा अग्लो र केही पर्वतश्रेणीका काखमा उत्तर-पूर्व पसारिएको अधित्यकाको दक्षिण पार्श्वमा लिच्छविकालीन बस्ती भएको मध्यकालतिर फनपीं नामक सामन्तशासित सहर[1] भए तापनि वर्तमान कालमा भने ठाउँठाउँमा भग्नावशेषद्वारा प्राचीन गाथालाई द्योतन गर्ने फर्पिङ नामक गाउँ छ । त्यस क्षेत्रको केही अग्लो भागमा उक्त गाउँ छ भने त्यसभन्दा दक्षिणको जङ्गलले युक्त खोचमा पश्चिमबाट र दक्षिणबाट बग्दै आएका दुइटा पहाडी खोलाको दोभानमा भगवती दक्षिणकालिकाको प्राचीन र प्रसिद्ध पीठ छ ।

लिच्छविकालभन्दा पहिले यो ठाउँको अवस्था के थियो र यहाँका बासिन्दा को-को थिए भन्ने कुरा जान्ने साधन छैन । परन्तु यस क्षेत्रमा लिच्छविकालिक अभिलेखहरू प्राप्त भएकाले त्यहाँ पाँचौं-छैटौं शतीतिर घना बस्ती भएको र मन्दिर, बौद्धविहारको अवस्थिति रहेको कुरा अभिलेखद्वारा प्रमाणित हुन्छ ।[2]

ठाउँठाउँमा पानीका स्रोतहरू, डाँडा-थुम्कामा घना जङ्गल र पर्वतको काखमा दम्स्याइलो टारले गर्दा उपत्यका जलमग्न भएको बेलातिर पनि यहाँ बसोबास गर्ने केही जातिहरू हुनुपर्छ । पशुचरणका लागि दम्स्याइलो ठाउँ, पानी र खेतीका निम्ति पनि निम्नोन्नत भूभाग भएको उपत्यका, ओसिलो र दलदल तथा पानीले छोपिएको बेलातिर पनि यहाँ बस्नलायक ठाउँ भएकाले आदिमकालिक बसोबासको अनुमान गर्न सकिन्छ ।

---

१ फर्पिङ यलखु टोलको अभिलेख... दशमी आदित्यबार कुन्हु फणपिदेश ।

२ राजा गणदेश (लिच्छवि) को र भीमगुप्तको अभिलेख (ख) अंशुवर्माको अभिलेख, धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, पृष्ठ १८२ – ८४ र ३६८-३६९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुराना वंशावलीका कथनअनुसार उपत्यका क्षेत्रमा पहिले आउने जाति गोपालक जाति थियो । त्यसपछि यहाँ किरात जाति आएको वर्णन छ । किरातराजालाई विजय गरी लिच्छविले नेपालको शासन गरे ।[३]

वर्तमानकालका जातिहरू :

वंशावलीको कथनलाई प्रमाणित गर्ने लिच्छविहरूको प्राचीन अभिलेख पाइन्छ । किरातको स्थितिलाई इङ्गित गर्न यहाँको भाषा (जसलाई मोनख्मेर परिवारको भनिन्छ) आदिम जातिहरूमा मङ्गोल रक्तसम्मिश्रणद्वारा भएको शारीरिक गठन, यहाँका ठाउँहरूको प्राचीन नाउँबाट र प्राचीन वैदिक साहित्य एवं अन्य साहित्यद्वारा पुष्टि हुन्छ ।[४] गोपाल जातिको आगमन र बसोबासका बारेमा अभिलेख नपाइए तापनि विश्वमा नै पहिलो मानव-विकास, पशुचारण गर्ने यायावर जातिका रूपमा भएको कुरा विज्ञानसम्मत र प्राचीन इतिहासविद्को निश्चित धारणा भएकाले मान्नैपर्ने हुन्छ । साथै, यहाँका आदिम जातिका सन्तान भनेर मानिएका महर्जन (ज्यापू) जातिको धार्मिक र परम्परागत कृत्यहरूको अध्ययन गर्दा आर्यमूलका पशुचारक जाति, जसलाई खसगण पनि भन्दछन्, सर्वप्रथम यहाँ आए । यिनीहरू आफूलाई क्षत्रियगण मान्दथे र पूर्णतया वैदिक संस्कार स्वीकार नगरे तापनि वैदिक देवताका साथै शिव-रुद्रलाई इष्टदेवताका रूपमा मान्दथे । आर्य र मङ्गोल जाति दुवैका पशुपालक युगमा इष्टदेवता रुद्र वा महादेव थिए, जसलाई पशुका संरक्षक (पशुपति) का रूपमा सिन्धुघाटीको सभ्यताभन्दा पनि पहिलेदेखि नै मान्दै आएका थिए । यो खसगण आदिम युगको मध्येसियाको कासगर (खसगिरी) तथा हिन्दूकुश पर्वतमालाका अगलबगलमा पशुचारण गरी जीवन बिताउँथ्यो भन्ने कुरा प्राचीन इतिहासवेत्ताहरूले पत्ता लगाएका छन् ।[५] यसको एउटा ठूलो समूह पशुचारण गर्दै ई. पू ३००० वर्षअघि पश्चिम एसियाभित्रका इरान, इराक, इलाम, बेबिलोनियातिर झर्‍यो । ई. पू. २१०० वर्षतिर नील नदीको

---

३ तताद्यो राजा भूमिगुप्त । वर्ष ८६... गोपाल वंशावली, पृ. १७, ख । ... तत् पश्चात् गोपाल महिषपाल निर्जित्य किरात राजा प्रवर्तते:, गो. वं., ऐ. पृ. १७ ख । ... अथ सूर्य वंस्सप्रभावात् नेपालि किरात राजा निर्जित्य । लिच्छवी वंस्स प्रवर्तते ॥ ऐ.. ऐ. पृ. ११ ख ।

४ हाना, इरानको इतिहास, उद्धरण डा. शिवप्रसाद डबराल, उत्तराञ्चलका इतिहास, भाग १ ।

५ ऐ. ऐ. भाग १ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किनारमा पुगेर कुश वा खस साम्राज्य खडा गरेको कुरा पश्चिम एसियाका पुरातत्त्वविदहरूले उल्लेख गरेका छन् ।[६]

अर्को समूह पामिरको पठार नाघ्दै कास्मिर जालन्धर क्षेत्र ढाक्न आयो र यसै समूहका व्यक्तिहरू फुटेर पशुचारण गर्दै गढवाल, कुमाउँ, जुम्ला हुँदै यस उपत्यकामा पनि आए । हिमाल र सिवालिक (चुरे) पर्वतको अन्तरालका भूभाग घुम्दै पूर्वमा नागाल्यान्ड खसिया पहाडसम्म छरिन पुगे । पुरा-इतिहासविद्को यो कथनलाई नकार्ने ठाउँ छैन र हाम्रा पुराना वंशावलीले गोपाल जाति यहाँ आएको र पशुपतिको प्रादुर्भावसम्बन्धी जुन कुरा लेखेका छन्, त्यसलाई सावित गर्दछ ।

पछिल्लो कालमा अहीर मूलका गोपाल जातिको अस्तित्व प्राचीन अभिलेखद्वारा थाहा पाइने हुँदा हाम्रा कतिपय अनुसन्धाताहरू अनेक शासत्रीय प्रमाणको अंन्वेषण गरी यहाँ आउने प्राचीन गोपाल जातिलाई आभीर जाति देखाउन यत्नशील देखिन्छन् । किन्तु वंशावलीका आदिम गोपाल जातिको अस्तित्वलाई प्रमाणित गर्न ती प्रमाणहरू समुचित छैनन् ।[७] लौकिक व्याकरण र कोशहरूको निर्माणभन्दा धेरै अघिका कुरा वंशावलीले चर्चा गर्दछन् र ताम्रयुगीन समाजको प्रारम्भतिरकै कुरा भएकाले धेरै पछिल्लो कालसम्म पशुपालन गर्ने अहीर जातिसँग समन्वय गर्ने कुरा इतिहाससम्मत हुँदैन । यसमा निम्नस्थ कारणहरूको अध्ययन पनि आवश्यक छ –

(क) आभीर जातिहरू ईसाको दोस्रो-तेस्रो शतीतिर मात्रै पश्चिम भारतको क्षेत्रबाट पूर्व लागेका हुन् ।[८]

(ख) आभीर जाति वैष्णव हुन् र यहाँ आउने प्राचीन गोपाल जाति शुद्ध शैवोपासक थियो ।

(ग) यहाँका महर्जन जातिको विधिवत व्रतबन्ध कर्म हुन्छ । धनुर्वाण र ठोक्रो भिर्दछन् तथा क्षत्रियोचित गायत्रीमन्त्र दान गरिन्छ ।

(घ) महर्जन जाति शैव र शाक्त मन्दिरका पुजारी छन् । शैव र शाक्त मन्दिरका गण भएर नृत्यमा भाग लिन्छन् ।[९] जस्तै हरसिद्धि,

---

६ ज्ञानमणि नेपाल, नेपाल निरुक्तको पहिलो निबन्ध ।

७ आर. सी. मजुमदार, भारतका प्राचीन इतिहास

८ धर्मदर्शन, वर्ष ५, अङ्क ३, २०४२ वैशाख-असारमा प्रकाशित 'हरसिद्धि र १२ वर्षको जात्रा' ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठेचो, ब्रह्मायणी, खोकनाकी माहेश्वरी, श्वेतकाली, नवदुर्गा, महालक्ष्मी आदि ठाउँका पुजारी र नर्तक गणहरू ।[९]

(ङ) आभीरहरू पुरातन कालमा न्वारनसम्म पनि गर्दैनथे भन्ने कुरा श्रीमद्भागवत हरिवंश, ब्रह्मवैवर्तपुराणहरूबाट थाहा हुन्छ ।

(च) प्राचीन खस समूहमा रक्तसम्मिश्रणको त्यति ख्याल नराखिने हुँदा किरातसँग संसर्ग भएको र उनीहरूको प्राचीन भाषा पनि स्वीकार गरिएकाले हाल जातिगत अध्ययन गर्न नृतत्त्वशास्त्रले मद्दत गर्दैन, तापनि धार्मिक र सांस्कृतिक परम्पराले उपर्युक्त कुरामा अनुमान गर्न बल दिन्छ ।

फर्पिङ क्षेत्रका अधिकांश जाति यिनै महर्जन छन् । सम्भवतः महाजन शब्दको अपभ्रंश नै महर्जन होला । बौद्धधर्मको मध्यकालमा निकै प्रभुत्व रहेको फर्पिङ क्षेत्रमा महर्जनहरू आज पनि शैव छन् ।

मध्यकालमा यस क्षेत्रका यिनै सामन्त शासक सोलङ्की वंशका राजपूतहरू भएको कुरा अभिलेखबाट थाहा पाइन्छ । यसबाहेक वर्तमान कालमा केही श्रेष्ठ, आचाजु, थकु जुजु, राजोपाध्याय आदि जातिको बसोबास छ ।

फर्पिङ क्षेत्रका देवताहरू र दक्षिणकाली :

फर्पिङ क्षेत्रका निकै प्राचीन देवता गोपालेश्वर हुन्, जसको लिङ्गको आकारप्रकार हेर्दा प्राचीनताको बोध हुन्छ भने गोपालेश्वर नामबाट प्राचीन गोपालक जातिले इष्टदेवताका रूपमा मान्दै आएका शिव (रुद्र) हुन् कि भन्ने शङ्का हुन्छ । यसो भन्न पुष्ट प्रमाणको अभाव छ, तापनि लिङ्गको प्राकृतिक बनोटले त्यो कुरा भन्ने वाध्यता पर्छ । साथै, लिच्छविराजाले सुरुमा नै स्थापना गरेका शिखरनारायणसँग सम्बन्ध जोड्ने हरिशङ्करजात्राको प्रमुखता रहेकाले पनि वैष्णवधर्मप्रति झुकेका लिच्छवि र त्यहाँका शैव आदिवासीको समन्वय गर्ने प्रयासमा हरिशङ्करजात्राको थालनी गरियो र पछिपछि स्थापना भएका अन्य देवीदेवताको पनि त्यस जात्रामा समन्वय हुँदै गयो ।[१०]

ऐतिहासिक प्रमाणले ईसाको सुरुतिर नै स्थापित भएका शिखरनारायणको भन्दा गोपालेश्वरको प्रमुख स्थान रहेको पाइनुले पनि

---

९ श्वेतकाली नृत्य तथा हरसिद्धि नृत्यहरू ।

१० प्रज्ञा, वर्ष १७ अङ्क ६३, लेखकको हरिशङ्करजात्रा फर्पिङ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोपालेश्वरको अझ प्राचीनताको आभास पाइन्छ । फर्पिङसम्बन्धी अनुश्रुतिहरूबाट पनि गोपालेश्वर र त्यसपछि शिखरनारायणको अस्तित्व सुन्न पाइन्छ । नेपालका देवीदेवताको वर्णन गर्ने हिमवत्खण्ड (स्कन्दपुराण) को १०६ अध्यायमा गोपालेश्वरको विशेष माहात्म्य वर्णन गरिएको छ भने शिखरनारायणको चाहिँ सङ्क्षिप्त वर्णन मात्र छ ।[११]

दक्षिणकाली पीठ :

दक्षिणकाली पीठका सम्बन्धमा स्थानीय समाजमा एउटा महत्त्वपूर्ण अनुश्रुति छ – शिखरनारायणको मन्दिरभन्दा माथिको लम्स्याइलो डाँडो पश्चिम-उत्तरबाट दक्षिणतिर पसारिँदै गोरखनाथ पादुका र खड्गयोगिनी मन्दिरनेर गएर टुङ्गिन्छ । त्यसपछिको समथल परेको ठाउँमा फर्पिङ सहर बसेको छ ।

उक्त डाँडाको बीचको थुम्कामा पहिले दक्षिणकालीको पीठ र क्रीडाभूमि थियो, जहाँ आफ्ना गणहरूसहित दक्षिणकाली विचरण गर्थिन् । एकान्त जङ्गलमा मध्यरात्रितिर आफ्ना योगिनी गणसहित घुमेका बेलामा बाहिर निस्केका प्राणीहरू देखेमा योगिनी गणं भक्षण गर्दथे । फर्पिङ सहरको घना आवादी उक्त अग्लो डाँडाबाट छर्लङ्ग देखिन्थ्यो र त्यहाँका बासिन्दा बाहिर निस्कँदा रात्रिमा देवीगणका सिकार हुन्थे । यसरी मान्छेको क्षति हुन थालेकाले त्यस बेलाका तान्त्रिकाचार्यहरूले मन्त्रबलद्वारा देवीगणलाई स्तम्भन गरी उपासनाद्वारा रिझाई फर्पिङ सहरभन्दा तल खोचमा पर्ने दुई नदीको दोभान र श्मशानघाटमा दक्षिणकालीलाई आफ्ना गणसहित आवासभूमि बनाउन बाध्य गरे । उनलाई बेलाबेलामा राँगा, हाँस, बोका, भेडा बलि दिने प्रतिज्ञा पनि गरे । त्यसै बेलादेखि निर्जन किनार, जङ्गलभित्र दक्षिणकालीको पीठ स्थापना भएको हो । अनि त्यसपछिको उनको क्रीडाक्षेत्र त्यही वरिपरिको जङ्गल नै भयो । त्यहाँबाट फर्पिङको बस्ती दृष्टिगोचर नहुने भएकाले त्यसपछि त्यहाँका मानिस सुरक्षित रहे ।

उपर्युक्त अनुश्रुतिबाट जङ्गलको बीच डाँडामा रहेको पीठलाई खोलाको दोभानमा सारिएछ भन्ने कुरा थाहा हुन्छ । डाँडामा रहेका अवशेष चिह्नले पनि उक्त कथनको पुष्टि गर्दछ ।

---

[११] हिमवत्खण्ड, अङ्क १०६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवीदेवताहरूको मन्दिर बनाउँदा वनको निकट, नदी, पर्वत, झर्नाको नजिकको भूमिमा देवता रमाउँछन् तथा उपवनयुक्त सहरमा पनि देवता बास गर्दछन् भन्ने कुरा प्राचीन वास्तुशास्त्रमा लेखिएको पाइन्छ ।[१२]

हिन्दू जातिका देवीदेवताको स्थान यस्तै ठाउँमा नै भएको छ । त्यसमाथि पनि बलिभोजी देवीहरूको पीठ घना जङ्गल, ठूला नदीका किनारको एकान्त ठाउँ र रातमा आवागमन नहुने श्मशानभूमिनजिक नै उग्रमूर्ति तथा देवपीठहरूको स्थापना भएको पाइन्छ । शोभाभगवती विष्णुमतीको श्मशानभूमि तथा मान्छे काट्ने भाचाखुसीको दोभानमा निवास गर्दछिन् भने मतली रक्तकाली कङ्कालीको पीठ पनि पहिले यस्तै एकान्त ठाउँमा थियो । मयुरकुण्डको छेउ श्मशानभूमिमा मैतीदेवी छन् । पहिले यो क्षेत्र पनि निर्जन थियो । भद्रकाली पीठ त्यस बेला टुकुचाको श्मशानभूमिनजिक एकान्त ठाउँमा नै भएको बोध हुन्छ भने गुह्येश्वरी पीठ बागमती किनार जङ्गलको बीचमा नै पर्दथ्यो ।

तान्त्रक साधना गर्ने योगी, सिद्ध तथा साधकहरूलाई सिद्धि प्राप्त गर्न तथा साधनारत रहन पनि यस्तै एकान्त ठाउँको आवश्यकता पर्छ । तान्त्रिक साधनाका निम्ति भीडभाड आवादीको बीचका मन्दिरहरू उपयुक्त मानिदैनन् । रात्रिमा एकान्त ठाउँ, जङ्गल, श्मशानभूमिमा योगिनी गणसहित क्रीडा गर्ने हुँदा दक्षिणकालीको वर्तमान पीठ भएको ठाउँ अत्यन्त उपयोगी छ । त्यस क्षेत्रमा घाइँघुइँ र हल्लाखल्ला हुने जनआवादी भएमा यस्ता ठाउँको महत्ता नै कम हुन्छ ।

अनुश्रुतिअनुसार डाँडाबाट नदीको दोभानमा दक्षिणकालीको पीठ स्थापना गर्दा विनामूर्तिको शुद्ध पाषाणमा प्राणप्रतिष्ठा गरी जगाई स्थापना गरेको रहेछ भन्ने कुरा वंशावलीहरूको कथनबाट थाहा हुन्छ । मूर्ति निर्माण गर्दा शास्त्रोक्त ध्यानअनुसार रूप, भुजा, आयुध, आसन, बाहन, मुद्राहरूको ठीक-ठीक अङ्कन गर्नुपर्ने, मूर्ति निर्माण गर्दाको ज्योतिषशास्त्र, वास्तुशास्त्र हेरी तान्त्रिक विधिविधानका नियमहरू पुऱ्याएर मात्र राख्नुपर्ने, फेरि तदनुसार नै पूजाविधि

---

१२ सलिलोद्यान युक्तैषु कृतेष्व कृतकेषु च । स्थानेष्वेतेषु सान्निध्यमुपगच्छन्ति देवता ॥३॥ वृहत्संहिता, अ. ५६, पृ. २५० । वनोपान्त नदी शैल निर्झरोपान्त भूमिषु । रमन्ते देवता नित्यं पुरेषुद्यानवत्सु च ॥८॥ वाराही वृहत्संहिता, अ. ५६, पृ. २५०, वराहमिहिर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पन्न गर्ने व्यवस्था हुनुपर्ने भएकाले मूर्तिको सट्टा साधा पाषाण प्रतिमा स्थापना गरी पीठ कायम गर्ने व्यवस्था गरिएको पाइन्छ । यस्ता शक्तिपीठहरूमा उपासकले अनेक रूपको भावना गरेर पूजा गर्न सक्तछन् ।

टुँडिखेलको भद्रकाली पीठ र पञ्चकुमारीको नामबाट भावना गरिने मैतीदेवी पीठ यसका उदाहरण हुन् । पञ्चकुमारीको रूपाङ्कन गर्ने लक्षण वास्तुशास्त्रमा पाइँदैन । यस्तै वर्तमान भद्रकाली पीठलाई प्राचीन कालमा वैष्णवी पीठका रूपमा उपासना गरिन्थ्यो भन्ने अनुश्रुति पाइन्छ । पछि भद्रकालीका रूपमा उपासना गर्ने चलन चलेपछि भद्रकालीको मूर्ति बनाई उक्त पीठको पछाडिपट्टि पीठको गारोमा जडान गरिएको देखिन्छ ।

दक्षिणकाली पीठका सम्बन्धमा देवमाला वंशावलीमा पनि अघि पीठ मात्रै थियो र राजा प्रताप मल्ललाई 'मेरो मूर्ति प्रकाश गर' भन्ने स्वप्न भएको हुँदा मूर्ति बनाए, परन्तु त्यो मूर्ति अप्रकाशित उग्रमूर्ति दरबारभित्रै स्थापना गर भन्ने पुनः स्वप्नमा आज्ञा भएकाले गुरु लम्बकर्ण भट्टसँग सम्मत गरी अर्को मूर्ति बनाउन लगाई स्थापना गरिदिएका हुन् भन्ने कुरा उल्लेख भएको पाइन्छ ।[१३]

उपर्युक्त वंशावलीकै कथनसँग मिल्दो कुरा भाषा वंशावली भाग २ पृष्ठ ८२ मा पनि उल्लेख भएको छ । दक्षिणपट्टि पूर्ववर्ती गङ्गा र उत्तरपट्टि उद्धारवती गङ्गाको सङ्गम दक्षिणकालीको स्थाननिकट श्मशानवासी प्रकाशस्वरूप महाकाली सुन्दरकालीकन सहस्र बलि, नरबलि, महापूजा, कोट्याहुति यज्ञ गरेर प्रतिष्ठाकर्मको विधि पुऱ्याई वैशाख शुक्ल तृतीया (अक्षय तृतीया) को दिन स्थापना गरेको कुरा उक्त वंशावलीमा उल्लेख भएको छ । यही कुरालाई

---

[१३] यस पीठ नेपालका मुख्य भै विराजमान भैरहनु भएका, अघि कहीं मूर्ति प्रकाश छैन, पीठमात्र भएको थियो । पछि प्रतापमल्ल राजाका उपर ॐ श्री दक्षिणकाली प्रसन्न भै मेरो स्वयं मूर्ति प्रकाशित छ मलाई मूर्ति बनाई स्थापना गर भनी स्वप्न वाणी भएको याद नगरी रहंदा फेरी कन्याकुमारी प्रवेश भै मेरो स्वयं मूर्ति प्रकाशित छन् मलाई मूर्ति बनाई स्थापना गर महा भए रोग निवारण भै आयुबृद्धि सामराज्य प्रख्यात होला भनि आज्ञा हुँदा राजाले मूर्ति बनाउन लाग्यो र तयार भएपछि त्यो मूर्ति अप्रकाशित हो दरबारभित्र स्थापना गर भनी स्वप्न वाणी हुंदा फेरी दोस्रो मूर्ति बनाउन लायो र तयार भयो र गुरु लम्बकर्ण भट्टसंग सम्मत गरी यिनै भट्टद्वारा ॐ श्री दक्षिणकालीलाई दक्षिण दिशामा स्थापना गरी दिएका हुन् । यिनै दक्षिणकाली बहुतै प्रख्यात छन्... देवमाला वंशावली, पृ. ६१ र ६२, योगी नरहरिनाथद्वारा सम्पादित ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल देशको इतिहास नामक वंशावलीले पनि उल्लेख गरेको छ ।[१४] यी दुवै वंशावलीमा काली र सुन्दरकाली तथा मातृकागणसहित स्थापना गरेको, महापूजा, सहस्र बलि र कोट्याहुति गरेको कुरा उल्लेख भएकाले सबै मूर्तिहरूको प्राणप्रतिष्ठा र बलिकर्म दक्षिणकाली क्षेत्रमा नै सम्पन्न गरी मातृकागणसहित दक्षिणकाली त्यहाँ स्थापना गरी सुन्दरकालीको विग्रहचाहिं ल्याएर दरबारको सुन्दरचोकमा स्थापना गरेछन् भन्ने कुरा ज्ञान हुन्छ । किन्तु वंशावलीमा स्पष्ट उल्लेख भने भएको छैन र हनुमानढोकामा अष्टमातृकागण मात्र छन् ।

राजा प्रताप मल्ल विद्वान्, कवि, गायक र तान्त्रिक विद्या र साधनामा पारङ्गत थिए भन्ने कुरा उनको जीवनचरित्रसँग सम्बन्ध राख्ने वंशावली, स्तोत्र, गीत आदिका अभिलेखहरू पढ्दा थाहा पाइन्छ । साथै उनका गुरु साधक लम्बकर्ण भट्ट, नृसिंह ठाकुर (मैथिल) जस्ता तान्त्रिक विद्वान्हरू थिए । त्यस्तै बौद्ध तान्त्रिकहरूको पनि यहाँ कमी थिएन । अतः प्रताप मल्ल सबै तन्त्राचार्यहरूको उत्तिकै समादर गरी काम लिन्थे भन्ने कुरा उनको अभिलेख पढ्दा थाहा पाइन्छ ।

गुह्येश्वरी भगवतीको प्राचीन कुण्ड भएको पीठ कालक्रमले जङ्गलभित्र लुप्तप्रायः थियो । गुह्येश्वरी पीठ बौद्धमार्गीका निम्ति पनि उत्तिकै पूज्य हुँदा र बौद्ध वंशावलीहरूमा स्वयम्भूसँग गुह्येश्वरीको सम्बन्ध रहेको हुँदा स्वयम्भूको उत्तरतर्फ गुह्येश्वरीको पीठ कल्पना गरी स्थापना भएकाले गुह्येश्वरीको पूजा-मान्यता त्यहीं हुन लाग्यो । गुह्येश्वरीको एक ठाउँ अवस्थित भएपछि अन्यत्र पीठ भएको कल्पना समाजले गरेन ।

राजा प्रताप मल्ल शास्त्रमा प्रवीण थिए । साथै उनका सहयोगी लम्बकर्ण भट्ट तथा नृसिंह ठाकुर पनि प्रकाण्ड विद्वान् र तान्त्रिक साधक भएकाले शास्त्रीय आधारमा श्लेष्मान्तक वनभित्र पशुपतिको उत्तरतर्फ नै गुह्येश्वरीको प्राचीन पीठ हुनुपर्ने सोचियो । साधकहरूले प्राचीन केही चिह्नहरू भएको ठाउँमा अन्वेषण र साधना गरे, जसबाट प्राचीन गुह्येश्वरी पीठ त्यहाँ भएको निश्चित भएपछि त्यस कुण्डको जीर्णोद्धार गरी साधनाद्वारा पीठ जगाएर नवनिर्माणजस्तै गरेर गुह्येश्वरी पीठको प्रकाश गरियो । वंशावलीहरूले प्रताप

---

[१४] नेपाल देशको इतिहास, प्राचीन नेपाल, सं. १८, पृ. १३, श्री ५ को सरकार पुरातत्त्व विभागद्वारा प्रकाशित ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मल्लद्वारा पुनर्निर्माण गरिएको कुरा उल्लेख गर्दछन् भने त्यसलाई प्रमाणित गर्ने राजा प्रताप मल्लको अभिलेखलाई गुह्येश्वरीको कलश रहेको पश्चिमपट्टि भैरव भनिने उच्च सुवर्णमण्डित स्याण्डिलभित्र पारेर छोपिएको छ । २०४३-४४ सालमा जीर्णोद्धार गर्दा उक्त ठाउँको उपरि भाग झिकेको बेलामा उक्त अभिलेख पढ्न पाइएको हो ।[१५] गुह्येश्वरीको प्राचीन पीठको यसरी उद्धार भएपछि एघारौँ शताब्दीदेखि गुह्येश्वरी पीठ भनिएको नागार्जुनदेखि उत्तर पर्ने पीठका दर्शनार्थीहरूको सङ्ख्या कम भयो । तर पुरानो गुह्येश्वरी भनेर त्यस पीठको नामकरण भएको छ र गुह्येश्वरीकै अनुरूप २०३६ सालमा त्यस पीठको जीर्णोद्धार भएको छ ।

राजा प्रताप मल्लका अभिलेखहरू मल्लकालिक राजाहरूमध्ये सबैको भन्दा बढी पाइन्छ र नयाँ देवदेवीको मूर्ति स्थापना गर्ने कार्यमा पनि उनी अग्रणी नै देखिन्छन् ।

दक्षिणकालीको प्रताप मल्लले मूर्ति बनाई स्थापना गरेका अनेक विवरण वंशावलीबाट थाहा भए तापनि निश्चित तिथिमिति पाउन सकिएको छैन ।

दक्षिणकालीको शास्त्रीय पक्ष :

भगवतीका विभिन्न रूप छन् । काली, दुर्गा, लक्ष्मी, सरस्वती, अष्टमातृका गण, ६४ योगिनी गण आदि विभिन्न नामले देवीको उपासना गरिन्छ । जे भए तापनि काली, दुर्गा आदि अधिकांश देवीहरू भगवान् शिवसँग सम्बद्ध मानिन्छन् ।

शिवलाई पञ्चवक्त्र शिवका रूपमा उत्तरवैदिक कालदेखि नै उपासना गरिन्थ्यो । पाँच मुख पाँच आम्नायको प्रतीक मानिन्छ । अर्थात् शिवका पाँच मुख पाँच रूपका हुन् । सद्योजात, तत्पुरुष, अघोर, वामदेव, ईशान पाँच मुख वा शिवका पाँच रूप हुन् । मुखको भेदसँगै उपासना गर्ने विधिविधानमा पनि

---

[१५] स्वस्ति ॥ श्रीश्रीश्री गुहेश्वरीयात प्रीतीन... सद... भासु संगीत वि... (दक्षिणपट्टि) द्या पारग महाराजाधिराज विद्वद् चूडामणि श्रीश्री राजेन्द्र कवीन्द्र जय प्रतापमल्ल न धातु पत्र तथा सम्वत् ७८० आषाढ शुदि (पूर्वपट्टि) पू... (उत्तरपट्टि) पशुपति ललिते राजराजेन्द्र... संसारसार भूते रघुपति विमले वंशराजे सुतातैः । ...रविकुल तिलक श्री कवीन्द्रै । (पश्चिमपट्टि) प्रतापै गुह्येश्वर्या... पितं कनकंमपं पद्म पत्रं त्रपंच । – गुह्येश्वरीको भित्र स्वर्णपाताले छोपिएको कलश पश्चिम भैरव (स्याण्डिल) को अभिलेख ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भेद छ । साथै पाँच मुखमा पूर्व, दक्षिण, पश्चिम, उत्तर र ऊर्ध्व पाँच आम्नाय मानिन्छ र पाँचै आम्नायका देवीहरूको नाम र साधनाक्रम पनि छुट्टै छ ।[१६]

शिवको दक्षिण मुखलाई अघोर मुख (भैरव रूप) मा उपासना गरिन्छ । यसलाई दक्षिण आम्नाय भनेर तन्त्रशास्त्र र पुराणमा पनि उल्लेख भएको पाइन्छ ।

दक्षिण आम्नायकी देवी दक्षिणकाली हुन् । संहारकर्ता रूप अघोरवक्त्र हो भने कालीको रूप पनि संहारकालकी देवी हुन् । चाँडै खुसी हुने र खुसी भएमा अभिलाषित फल दिने भएकीले दक्षिणकालिकाको उपासना साधकहरूले गर्दछन् ।

भगवती दक्षिणकालीको मूर्ति अथवा ध्यान निम्न प्रकारको हुन्छ –

करालवदनां घोरां मुक्तकेशीं चतुर्भुजाम् ।
कालिकां दक्षिणां दिव्यां मुण्डमालाविभूषिताम् ।।

सद्य छिन्न शिरः खड्ग वामोघोर्ध्व कराम्बुजाम् ।
अभयं वरदं चैव दक्षिणोध्वार्ध पाणिकाम् ।।

महामेघ प्रभां श्यामां तथा चैव दिगम्बराम् ।
कण्ठावसक्त मुण्डाली गलद्रूधिर चर्चिताम् ।।

कर्णावतंसता नीत शवयुग्म विराजिताम् ।
घोरदंष्ट्रां करालास्यां पीननन्त पयोधराम् ।।

सवानां करसंघातै कृतकान्चीं हसन्मुखीम् ।
सृक्कद्वयं गलद्रुक्त धारा विच्छुरिता ननाम् ।।

घोररावां महारौद्रीं श्मशानालय वासिनीम् ।
दन्तुरां दक्षिणव्यापी लम्बमान कवोच्ययाम् ।।

शवरूप महादेव हृदयोपरि संस्थिताम् ।
शिवामि घोररूपाभिश्वतुदिक्षु समन्विताम् ।।

महाकालेन च समं विपरीत रतातुराम् ।
सुख प्रसन्न वदनां स्मेरानन सुरोरुहाम् ।।

---

१६ धनशमशेर, निगमागम वैज्ञानिक सार, द्वितीय पटल, पृ. ४१ – ८४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोटी कालनलाभासां चतुर्वाहुं त्रिलोचनाम् ।
श्मशानाष्टकमध्यस्थं मुण्डास्टकविभूषिताम् ॥

पञ्चप्रेतस्थितं देवं त्रिशूलं डमरूं तथा ।
खड्गं च खपरं चैव वाम दक्षिण योगतः ॥

विभ्रतं सुन्दरं देहं श्मशानभस्मभूणितम् ।
नाना शैवं क्रीडमानं कालिका हृदयस्थिताम् ॥

लालयन्तं रतासक्तं घोर चुम्बन तत्परम् ।
गृद्ध गोमायु संयुक्तं फेरवी गणसंयुतम् ॥

जटापटल शोभाढ्यां सर्वशून्यालये स्थिताम् ।
सर्व शून्यं मुण्ड भूषं प्रसन्न वदनं शिवम् ॥
एवं ध्याये द्वन्द्व मूर्ति परब्रह्म स्वरूपिणीम् ॥

अर्थ : डरलाग्दो मुख भएकी, डरलाग्दो केश फैलिएकी, दक्षिणा नाम भएकी, दिव्यस्वरूपा, चार हात भएकी, मुण्डमाला धारण गर्ने, बायाँपट्टिको हातमा तुरुन्तै काटेको रगत चुहुने शिर र खड्ग लिएकी, दाहिने माथिल्लो हातमा अभय मुद्रा र तल्लो हातमा वरद मुद्राको प्रदर्शन गर्ने, कालो बादलझैँ श्यामवर्ण भएकी, दिगम्बरा, घाँटीमा पहिरेको मुण्डमालाबाट ताजा रगत चुहाउने र दुवै कानमा एक-एक शव धारण गर्ने, डरलाग्दो दाँत र मुख बाएकी, ठूला र उन्नत स्तन हुने, मुर्दाका हातको काँची (माला बनाएर कम्मरपेटी लगाएकी), बेलाबेलामा हँसिलो मुख पार्ने, मुखको दुवै छेउबाट रक्तधारा चुहाउने, डरलाग्दो शब्द गर्ने, डरलाग्दो श्मशानरूपी घरमा बसेकी, दाहिनेतिर फुका केशको झाँक्रो लर्काएकी, मुर्दास्वरूप सुतेका शिवजीको छातीमा उभिएकी, डरलाग्दा स्यालको बथानले घेरिएकी, महाकालरूप रुद्रसँग विपरीत रातिमा आसक्त, यो बेलाचाहिँ प्रसन्न मुद्रा भएकी काली छन् । करोडौं कालाग्नि रुद्रको तेज भएका, तीन नेत्र भएका, चार हात हुने र श्मशानको बीचमा बस्ने, आठ मुण्डमाला धारण गर्ने, पञ्चप्रेत (विष्णु, रुद्र, महेश्वर, ब्रह्मा, शिव) रूप पाँच प्रेत (पृथ्वी, अप, तेज आदि पञ्चमहाभूतको आसन भएका) माथि बसेका, त्रिशूल, डमरू, खड्ग र खप्पर धारण गर्ने, श्मशानको खरानी घसेका, सुन्दर शरीर भएका, अनेकौं मुर्दासँग खेलबाड गर्ने, कालीलाई छातीमा बोक्ने, रतासक्त घोर चुम्बन गर्न उत्सुक, गिद्ध, स्याल, कागको बथानले घेरिएका, जटापटलले शोभित, सर्वशून्य घरमा बस्ने,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुण्डमालाधारी, प्रसन्न वदन भएका शिवले युक्त कालिका दक्षिणकाली हुन् र माथि भनिएजस्तो यूगल मूर्तिको ध्यान दक्षिणकालिकाको ध्यान हुन्छ ।

उपर्युक्त दक्षिणकालीको रूपवर्णनबाट प्रलयकालिक शिवकालीको बोध हुन्छ र यस रूपको दार्शनिक अर्थ छुट्टै छ, जसको व्याख्या गर्नु यहाँ आवश्यक छैन ।

दक्षिणकालीलाई इष्टदेवता एवं कुलदेवीका रूपमा उपासना गर्नेहरूका लागि कालिकाको यो रूप जानिराख्नुपर्ने हुनाले यहाँ चर्चा गरियो । दक्षिणकालिकाको यस्तो उग्र रूपका मूर्तिहरू प्रायः गोप्य नै राखिन्छन् । यहाँ जुन दक्षिणकालिकाको मूर्तिसम्बन्धी चर्चा गरिएको छ, त्यो रूपमा मूर्ति निर्माण गरिएको छैन, तापनि दक्षिणकालिकाको मूर्तिशिल्पभित्र हुनुपर्ने लक्षणको साङ्केतिक चिह्नको अङ्कन भने त्यस मूर्तिमा पनि भएकै छ ।

दक्षिणंकालिकाको शास्त्रीय रूपको अङ्कन भएका चित्रहरू बजारमा प्रशस्त पाइन्छन् । तदनुरूप नै उग्र रूप मूर्ति निर्माण गरी स्थापना गर्नु वाञ्छनीय भए पनि भयावह रूप सबैका निम्ति दर्शनीय एवं श्रद्धास्पद नहुन पनि सक्छ । अतः दक्षिणकालीको पीठमा स्थापना भएको मूर्ति सौम्य छ ।

शक्तिको उपासनामा विशेष श्रद्धा राख्ने र दक्षिणकालीको रूपको दार्शनिक तत्त्व बुझेका भक्तजनका लागि भने भयावह रूपाङ्कन भएको मूर्ति पनि श्रद्धास्पद र दर्शनीय हुन सक्छ ।

उपासना गरिने देवीदेवताको रूप प्रायः यस्तै भयावह हुने हुंदा पीठदेवताहरूको वास्तविक रूपका मूर्तिहरू आगमघरमा राखेर उपासना गरिन्छ र सबैलाई त्यस ठाउँमा जान दिइँदैन । बाहिर स्थापना गरिएका मूर्तिहरू सौम्य नै हुन्छन् अथवा साधा पाषाण खण्ड नै राखेर भावना गरिन्छ ।

शैव सम्प्रदायका तान्त्रिक उपासना गरिने देवीहरूको भन्दा बौद्ध तन्त्रवादका उपास्य देवीहरूका मूर्तिहरू झन् दर्शनीय हुँदैनन् । किन्तु तान्त्रिक परम्परामा यस्ता मूर्तिहरू तुरुन्तै फल दिने हुंदा सेवनीय छन् भन्ने विश्वास गरिन्छ ।

पीठदेवताका सहयोगी आवरण देवताहरू :

सबै देवताको पीठपूजा गर्दा मुख्य देवताका वरिपरि आवरण देवताको पूजा-मान्यता गर्नु आवश्यक हुन्छ । सबै देवताको पूजा-उपासना गर्दा विघ्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नपरोस् भनेर पहिले गणेशको पूजा गरिन्छ । गणेश शैवपूजा र बौद्धहरूको पूजापद्धतिमा पनि पूजित हुने देवता हुन् । नेपालका शक्तिपीठहरूमा भैरवरूप शिवको पूजा पनि अनिवार्य सम्भिन्इन्छ । देवीका पीठहरूमा नित्यार्चन गर्दा अरू आवरण देवता, अष्टभैरव, ६४ योगिनीगण, अष्टमातृकाको पूजा पनि गरिन्छ । सम्पूर्ण आवरण देवताका मूर्तिहरू पीठमा राख्न नसके पनि अष्टमातृकागण (ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्रायणी, नारसिंही, चामुण्डाका मूर्तिहरू) भने राखिएका हुन्छन् । गुह्येश्वरी पीठमा पनि अष्टमातृकाका मूर्तिहरू छन् । त्यस्तै जयवागेश्वरी, छिन्नमस्ता, दक्षिणकाली आदि पीठमा अष्टमातृकागणका मूर्तिहरू स्थापना गरिएका छन् । अष्टमातृकागणका कहीँ नारसिंही र कहीँ नारसिंहीको सट्टा महालक्ष्मीको गणना गरी आठ पुऱ्याइन्छ ।

दक्षिणकाली पीठमा दक्षिणकाली मूर्ति पूर्व-दक्षिण मुख गरी स्थापना गरिएको छ । दक्षिणपट्टि पूर्व-दक्षिणबाट क्रमैले ब्राह्मी, माहेश्वरी आदि मातृकागणको मूर्ति स्थापना भएको छ । यस क्रममा दक्षिणकालीको नजिक चामुण्डाको मूर्ति पर्दछ । शुम्भ-निशुम्भसँगको युद्धमा भगवती दुर्गालाई मद्दत गर्न ब्रह्मा, विष्णु, शिव, इन्द्र आदिका शक्तिहरू उस्तै रूप धारण गरेर ब्रह्मा-विष्णुकै जस्तो बाहन चढेर आएका थिए । चामुण्डाचाहिँ स्वयं भगवती दुर्गाकै शरीरबाट उत्पन्न भएकी कालिका थिइन् । चण्ड-मुण्ड नामक दानव मारेपछि उनको नाउँ चामुण्डा भएको कथा चण्डी (मार्कण्डेयपुराणअन्तर्गत सप्तशती) मा वर्णन गरिएको छ ।

यद्यपि अष्टमातृकागण सबैलाई बलि खाने रूपमा सम्भिन्इन्छ, तापनि सबै किसिमको बलि खाने र बलि नभई खुसी नै नहुने देवी कालिका, चामुण्डा, दुर्गा हुन् भन्ने विश्वास गरिन्छ । यसकारण दक्षिणकालीमा बलिदान गर्दा चामुण्डा, वाराही, नारसिंहीलाई अनिवार्य रूपमा नै बलिको रक्त अर्पण गरिन्छ । दक्षिणकालीजस्तै अष्टमातृकागण पनि जीवन्यास गरी तान्त्रिक विधिले जगाई स्थापना गरिएका छन् । यसकारण दक्षिणकालीको पूजा-उपासना गर्दा अष्टमातृकागणको पनि विधिवत पूजा, वन्दना, बलिदान गरिनु आवश्यक छ ।

भगवती दक्षिणकालीका सहचारिणीहरू, जसलाई आवरण देवताका रूपमा पूजा गरिन्छ, त्यस पीठमा समर्पण गरिएको बलिका भागीदार हुन्छन् । अतः त्यहाँ बलिदान गर्ने व्यक्तिले परम्परागत नियमानुसार सबैतिर बलिभाग (रक्त) अर्पण गर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिणकालीको ऐतिहासिक परम्परामा केही कथन :

दक्षिणकालीको पीठ पुरानो हो भन्ने चर्चा भए तापनि निश्चित समय भन्ने प्रमाण छैन ।

फर्पिङ लिच्छविकालीन बस्ती हो भन्ने कुरा लिच्छविराजा गणदेव (वि. सं. ६१४) को र राजा अंशुवर्मा (वि. सं. ६४७ – ६७८) को समयका शिलापत्र त्यहाँ पाइएकाले निश्चित हुन्छ ।[१७] सनदको काम गर्ने शिलापत्रहरू घना बस्तीमा स्थापित गरिन्थे । यसकारण लिच्छविहरू पहिले आएर फर्पिङमा बसे भन्ने अनुश्रुतिलाई सत्यको नजिक छ भन्नुपर्छ । साथै ललितपुर क्षेत्रबाट तराईतर्फ जाने मूल बाटो फर्पिङ र छालिङ हुँदै कुलेखानी भएर जान सजिलो पर्थ्यो र पछिसम्म पनि यस बाटोको प्रयोग गरिन्थ्यो भन्ने कुरा थाहा पाइन्छ । सम्भवतः लिच्छविकालमा पनि यो चल्तीकै बाटो रहेको हुनुपर्छ र यहाँको प्रशासन गर्न यिनै कारणले सामन्तहरूको नियुक्ति गर्ने गरिएको हुनुपर्छ ।

लिच्छविकालपछिको अभिलेख :

लिच्छविकालका अभिलेख ठाउँठाउँमा खण्डित भएकाले सबै कुरा थाहा पाइँदैन । त्यस समयमा दक्षिणकाली पीठका बारेमा पनि थाहा पाउने साधन छैन ।

परन्तु दक्षिणकालीको जात्रा (हरिशङ्करजात्रा) मा रथारोहण गरी घुमाउने मूर्तिको मुकुटमा एउटा अभिलेख कुँदिएको छ । लक्ष्मीपालजीवको विजय राज्यमा त्रिभुवन कनकेश्वर भट्टारकको रथमा चार ढोका चढाएको कुरा त्यसमा लेखिएको छ र चढाउने टिपीं टोल बस्ने दगो भारो हुन् भन्ने थाहा हुन्छ । यो अभिलेख ने. सं. ३६० (१२९७ वि. सं.) भाद्र शुक्ल पूर्णिमाको दिनको हो ।[१८]

यहाँ ढोका चढाएको कुरा मुकुटमा लेखिएको र कनकेश्वर भट्टारकको उल्लेख भएकाले यो प्रश्न अचम्म लाग्ने भएको छ । दक्षिणकालीको आगमघर

---

१७ यसै टिप्पणीको २ नं. हेर्नोस् ।

१८ ॐ श्रेयोस्तु ॥ सम्वत् ३६० भाद्रपद शुक्ल पूर्णिम्यां ॥ श्री त्रिभुवन कनकेश्वर भट्टारकस्य सर्व रथन खतिन पत्र चतरद्वार । २ सं प्रध्योकितम् ॥ श्री लक्ष्मी पाल जीवस्य विजय राज्य ॥ दानपती टिपीं टोल अधिवासिन दगो भारोस शुभम् ॥ – दक्षिणकालीको जात्रा लैजाने मूर्तिको मुकुटको अभिलेख ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फर्पिङ सहरभित्रै पर्दछ । यहाँ नै उक्त जात्रा गर्ने मूर्ति राखिन्छ । यो अभिलेखबाट दक्षिणकालीलाई कनकेश्वरी भनिन्थ्यो र शिव र शक्तिको संयोग गरी जात्रा गरिने हुँदा कनकेश्वरीका शिव कनकेश्वर हुनुपर्छ । यही देवी विग्रहपछि दक्षिणकालीको नाउँले पूजित हुन थाल्यो होला भनेर अनुमान गर्नुपर्ने भएको छ ।

लिच्छविकालपछिका अभिलेखमा सबैभन्दा पुरानो यही मुकुटको अभिलेख हो र यसपछि यक्ष मल्लका पालाका अभिलेख प्राप्त छन् । परन्तु त्यसमा दक्षिणकालीसम्बन्धी विषय पाइँदैन ।

शक्तिपुरुषोत्तमको ने. सं. ५४१ मा ज्योति मल्लको पालामा स्थापना गरेको र त्यसको दस वर्षपछि मन्दिर बनाएको कुरा त्यस अभिलेखमा परेको छ । त्यस बेला सुरङ्गी (सोलङ्गी) कुलका राजपूत रामसिंह, धर्मसिंह, देवसिंह आदि भाइहरूको संयुक्त शासन त्यहाँ चलेको थियो । उनीहरू मुख्य राजा भने उपत्यकाको मल्लकुललाई नै मान्दथे । सोलङ्गी वंशका देवसिंह सामन्तसँग सेनवंशकी राजकन्या विवाह भएको कुरा पनि त्यस अभिलेखमा छ । मकवानपुर सेनराज्यको त्यस बेला अस्तित्व नभएको साथै तनहूँ पनि पाल्पाको अधीन नै रहेकाले पाल्पाकै सेनकन्या जयतलक्ष्मी हुन् भन्ने कुरा सिद्ध हुन्छ । यसबाट सेनको अस्तित्व वि. सं. १४७७ भन्दा निकै अघिदेखि भएको थाहा हुन्छ ।

राजपूत सामन्तहरूको शिखरपत्तन (फर्पिङ) मा शासन चलेपछि नै दक्षिणकाली पीठको विशेष मान्यता एवं पूजाआजा चल्यो होला भन्ने कुरा पनि अनुमान गर्नुपरेको छ । सातौं शतीतिर काली, तारा आदि शक्तिहरूको उपासना गर्ने परम्पराले व्यापकता पाइसकेको थियो ।

दक्षिणकालीदेवीको विशेष पूजापर्वका निम्ति गुठीको व्यवस्था श्री ५ गीर्वाणयुद्धविक्रमको पालामा वि. सं. १८५६ देखि भएको कुरा एउटा तामापत्र र जग्गाजमिनको लगत तथा आम्दानी लेखिएको लालमोहर ढुङ्गाबाट थाहा पाइन्छ । श्री ५ गीर्वाणबाट नित्यपूजा र थापूजा (महापूजा) का निम्ति ५०४ मुरी (१२६ रोपनी) जग्गा सङ्कल्प गरेर गुठी राखियो ।[१९]

नेपालका शाहराजाहरू इष्टदेवताका रूपमा पहिलेदेखि नै कालीको उपासना गर्दथे भन्ने कुरा गोरखा दरबारकी कालिकाको अस्तित्वबाट थाहा

---

[१९] परिशिष्ट १ को अभिलेख ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । मल्लराजाहरू इष्टदेवी तुलजा र कुलदेवी दिगुलितलेज्यू (मानेश्वरी) का उपासक थिए । नेपालको एकीकरणपछि उपत्यकामा नै बस्न थालेपछि विशेष रूपमा इष्टदेवीको पूजा-उपासनाका निम्ति गोरखासम्म पुग्ने समय मिलेन ।

अहिलेको जस्तो यातायातको सुविधा नभएकाले गोरखाकी कालिकाको पूजापर्वको व्यवस्था त्यहींँका कुलपुरोहित र अन्य व्यक्तिहरूबाट चल्ने-चलाउने गरियो र उपत्यकाको नजिक पर्ने फर्पिङकी दक्षिणकालीकै पूजापर्व चलाउने व्यवस्था गरिएको थाहा पाइन्छ ।

राज्य-ऐश्वर्यप्राप्ति, शत्रुविजय आदिको कामना गरी सेवा गरिने भगवती दक्षिणकाली श्री ५ को कुलपरम्पराले मान्दै आएको हुँदा यहाँ श्री ३ को नाउँले प्रशासन गर्ने राणा परिवारले पनि इष्टदेवीका रूपमा दक्षिणकालिकाकै पूजा-वन्दना गर्ने र दीक्षा पनि दक्षिणकालीको महामन्त्र (द्वाविंशाक्षरी) नै सुन्ने गरेको कुरा पनि अनुसन्धानबाट थाहा पाइन्छ ।

आशुतोषा कालिकाको उपासनाद्वारा इष्टलाभ हुने हेतुले नेपालका उच्च भारदारमा पनि दक्षिणकालीको उपासना गर्ने परम्परा रहेको थियो ।[२०]

उपत्यकाको विजयपछि परम्परागत आफूले मान्दै आएका इष्टदेवताहरूका साथै मल्लकुलद्वारा उपासना गरिने कुमारी तुलजा र दिगुतले आदि देवीहरूको पनि उत्तिकै आस्था र विश्वासका साथ पूजा-मान्यता गरिएको र विशेष दिनहरूमा थापूजा (महापूजा) गर्नका निम्ति शाहराजाहरूबाट प्रशस्त गुठी राखी पूजापर्वको व्यवस्था बाँधेको कुरा अभिलेख र पूजा-परम्पराद्वारा ज्ञात हुन्छ ।[२१]

दक्षिणकालिकाका सांस्कृतिक पर्व र जात्रा :

दक्षिणकालिकाका निम्ति प्राचीन राजाहरूले नित्य-नैमित्तिक पूजापर्व चलाउन के-कति गुठी राखेका थिए, त्यसको विवरण स्पष्ट थाहा हुन सकेको छैन । परन्तु श्री ५ गीर्वाणबाट गुठी राखिएको दानपत्रबाट थापूजा (महापूजा) र अन्य नित्यपूजाको व्यवस्था गरिएको कुरा थाहा पाइन्छ । त्यो निम्नप्रकार छ ।

---

२० राणा र अन्य भारदारका पुरोहितहरूको स्तोत्रबाट ।
२१ तलेजुमा रहेका ताम्रपत्रहरू (लेखकको तुलजा शोधग्रन्थ) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुठी समर्पण गरिएको जग्गा ५०४ मुरी थियो । त्यसको वार्षिक आय जिन्सी र नगदबाट प्रत्येक वर्ष वैशाख कृष्ण त्रयोदशी र भाद्र कृष्ण अष्टमी दुई दिन महापूजाको दिन तोकिएको छ ।

राजा-महाराजाका विशेष दिनहरूमा, जन्मोत्सव पर्व, विवाह, विजय या राज्यप्राप्ति भएको दिन जस्ता महत्त्वपूर्ण सम्झिएका तिथिमा इष्टदेवता-कुलदेवताको महापूजा सम्पन्न गर्नका निम्ति विशेष गुठीको व्यवस्था गर्ने परम्परा थियो । मल्लकालमा तलेजुको महापूजा (थापूजा) का निम्ति राजा प्रताप मल्ल, नृपेन्द्र, पार्थिवेन्द्र, भूपालेन्द्र आदिले गुठीको व्यवस्था मिलाई थापूजाको प्रबन्ध गरेका थिए । यो परम्परा शाहवंशी राजाहरूबाट पनि निर्वाह गरियो ।

श्री ५ गीर्वाणबाट तलेजुको थापूजाको पनि व्यवस्था भएको छ । त्यस्तै दक्षिणकालीका निम्ति पनि विशेष व्यवस्था गरिएको पाइन्छ ।

दक्षिणकालीका निम्ति प्रतिवर्ष वैशाख कृष्ण त्रयोदशीका दिनमा थापूजा (महापूजा) र भाद्र कृष्ण अष्टमीका दिन थापूजा (महापूजा) गर्नका लागि यो गुठी राखिएको छ । नित्यपूजाको व्यवस्था पनि यसै गुठीबाट गरिएको छ ।

थापूजा प्रायः राजाहरूको जन्मोत्सव पर्वमा नै राखिएको हुन्छ । परन्तु दक्षिणकालीको यो थापूजा भने त्यसो नभएर आमाका निम्ति भनिएकाले श्री ५ कान्तवतीको जन्मदिनको दिन र अर्को पूजाका निम्ति भाकल गरिएको दिन यो महापूजाको व्यवस्था गरिएको बुझिन्छ । वैशाख कृष्ण १३ र भाद्र कृष्ण ८ मध्ये कुनै दिन कान्तवतीको जन्मदिन हो, त्यो भन्ने प्रमाण प्राप्त छैन । श्री ५ गीर्वाणको जन्म १८५४ आश्विन शुक्ल द्वादशीमा भएको थियो र १८५५ फागुन १८ गते राजगद्दी आरोहण भएको मिति भएकाले आफ्नो विशेष पर्वमा यो गुठीको व्यवस्था भएको होइन भन्ने स्पष्ट छ । श्री ५ कान्तवतीको १८५६ साल कार्तिक १९ गते आर्यघाटमा इहलीला समाप्त भएको कुरा अभिलेखद्वारा थाहा हुन्छ । यो दक्षिणकालीका निम्ति गुठीको व्यवस्था मुमाको जीवित अवस्थामा १८५६ आश्विन कृष्ण अष्टमीका दिन सङ्कल्प गरी आश्विन शुक्ल अष्टमी (१५ दिनपछि) का दिन तामापत्र टङ्कन गरिएको थियो ।

भाद्र कृष्ण अष्टमी भगवतीको पर्वदिन नै मानिन्छ । यो कृष्ण भगवान्को जन्मदिन पनि हो । प्रत्येक महिनाको अष्टमी र चतुर्दशी देवीका पर्वदिन मानिने हुँदा अष्टमीलाई पर्वदिन नै भन्नुपर्छ । वैशाख कृष्ण त्रयोदशी विशेष पर्व नपर्ने हुँदा श्री ५ मुमा कान्तवतीको जन्मदिन हुन सक्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसबाहेक वर्षदिनभित्र देवीका चार नवरात्र पर्व पर्ने कुरा शास्त्रमा उल्लेख भएको पाइन्छ ।[२२] चारमध्ये बडादसैं (आश्विन शुक्ल नवरात्र) र चैतेदसैं (चैत्र शुक्ल नवरात्र) विशेष भगवतीको पर्व मानेर पूजाआजा, बलिदान गर्ने अद्यावधि चलन छ । यी विशेष पर्वका दिन उक्त ताम्रपत्रमा महापूजाको उल्लेख नभए तापनि विशेष पूजा र बलिदानका कामहरू सम्पादन गरिन्छन् । यी दुई दसैं पर्वहरूमा भक्तजनहरूबाट पनि विशेष पूजा र बलिदान सम्पन्न हुन्छ ।

दक्षिणकालीलाई कुलदेवीका रूपमा मानेर ज्येष्ठ कृष्ण अष्टमीमा श्री महाराजाधिराज सरकारबाट प्रतिवर्ष स्वयं पूजाविधान सम्पन्न गरिबक्सन्छ र विशेष कार्यको अभीष्टसिद्धिका निम्ति विशेष पूजा र पञ्चबलि गर्ने परम्परा रहेको छ ।

दक्षिणकालीसम्बन्धी जात्रा :

भाद्र शुक्ल द्वादशीका दिनदेखि फर्पिङ सहरमा हरिशङ्कर जात्राको नामले १५ दिन चल्ने जात्रा सुरु हुन्छ । यसै दिनदेखि काठमाडौँमा इन्द्रका लिङ्गो उभ्याई इन्द्रजात्रा सुरु गरिन्छ भने भक्तपुरमा पनि इन्द्रजात्राकै प्रतिरूपमा जात्रा चलेको हुन्छ । मध्यकालमा उपत्यकाभित्र बसेका तीन मल्लराज्यमा आ-आफ्ना किसिमका विशेष चाडपर्व चलाउने व्यवस्था गरेका थिए । प्राचीन तथा मध्यकालमा देशभित्र सार्वजनिक मनोरञ्जनका साधन जात्रा नै हुन्थे । खेतीपातीको कामबाट विश्राम पाएको तथा नयाँ अन्न भित्र्याई आवश्यकताको पूर्ति भएको बेलामा अथवा हिउँदे बालीहरू थन्क्याइसकेको, नयाँ बाली लगाउने समय नभएको बेला पारेर यस्ता जात्राको चलन भएको पाइन्छ ।

उपत्यकाका राजालाई राजाका रूपमा मानेर सामन्त तथा महासामन्त राजाका रूपमा शासन गर्ने व्यक्तिहरू फर्पिङ, बनेपा, पनौती आदि ठाउँमा थिए । सोलङ्की राजपूत वंशका राबुत्त (राजपुत्र) हरूको परम्परागत शासन फर्पिङमा चलेको थियो र वरपरका ठकुरी राजघरानाका कन्याहरूलाई नै यी सामन्त राजपूतले विवाह गरेका हुन्थे । तीन सहरमध्येका कुनै मल्लराजालाई मानेर आफ्नो क्षेत्रमा स्वतन्त्र रूपमा शासन गर्ने यी सामन्तशासित प्रदेशमा पनि अन्यत्र चाडपर्वको रमाइलोले मनोरञ्जन गरेको बेलामा कुनै महत्त्वपूर्ण जात्राको कार्यक्रम हुनु आवश्यक थियो । भक्तपुरमा एक हप्ता चल्ने बिस्केटजात्रा,

---

२२ लेखकको तुलजासम्बन्धी अप्रकाशित ग्रन्थ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौंको इन्द्रजात्रा, पाटनको कार्तिकनाच, फर्पिङको १५ दिनको हरिशङ्करजात्रा विशेष पर्वहरू हुन् ।

फर्पिङका प्राचीन देवता गोपालेश्वर (शिव) र लिच्छविशासन सुरु भएको बेलामा स्थापित शिखरनारायणको संयुक्त नाउँमा चलेको हरिशङ्करजात्रालाई भव्य रूपमा मनाउन फर्पिङ क्षेत्रका समस्त देवीदेवताको पनि विशेष पूजाआजा गरी रथ (खट) मा राखी सहर घुमाउने र नाचगान, खानपानले मनोरञ्जन गरिन्छ ।[२३]

(१) भाद्र शुक्ल द्वादशीका दिन पुरानो राजदरबारको अगाडि पर्ने डबलीमा जात्रा सुरु गरिन्छ । यहाँ भृङ्गेश्वरीको पीठ छ । त्यहाँ तलेजु (फर्पिङ) का पुजारी र दक्षिणकालीका पुजारी मिलेर तान्त्रिक विधिले पूजा सुरु गर्दछन् । यस क्षेत्रका अन्य देवताका पुजारी र छुट गुठी तथा निजी गुठीका गुठियार पनि भेला हुन्छन् । त्यहीँ फर्पिङका समस्त देवताको आवाहन गर्ने विधि सकेपछि दुइटा बलि दिनुपर्छ ।

(२) भोलिपल्ट गोपालेश्वरको आगमघरमा पूजा गरी जात्रा गर्ने मूर्तिको रथारोहण गर्दछन् र जात्रामा सरिक हुने देवताहरूको मूर्ति पनि ल्याएर गणेशको पाटीमा ल्याई पूजा सम्पादन गरी रातभरि राखिन्छ । त्यसको भोलिपल्ट चतुर्दशीका दिनमा रात्रिमा शिखरनारायणका पुजारी राजोपाध्याय र जोशी, गोपालेश्वरको आगमका पुजारी आचाजुसमेत मिली फर्पिङ क्षेत्रका समस्त देवतालाई प्राचीन विधिअनुसार काँचो धागोको पुथिका बनाई चढाउँछन् र यज्ञमण्डप बनाई रातभरि होमादि कर्म गरिन्छ । यस विधिविधानका यज्ञमान, छुट गुठीका अमात्य (पहिलेका मन्त्री खानदान) ले गर्दछन् ।

(३) भाद्र शुक्ल पूर्णिमाको दिन गोपालेश्वरको रथ (खट) तयार गरी पांच बजे जात्रा सुरु हुन्छ । चारमुखे शिवलिङ्गजस्तै ठूलो तामामा सुनको मोलम्वा गरिएको नाङलिङ (गोपालेश्वरको यात्रा गर्ने मूर्ति) रथमा राखिन्छ । सुवर्णलेपित गजुर भएको रथ सिंगारिन्छ र ८-९ बजे रातिमा रथमा चँदुवा टाँगी पोसाक पहिराइसकेपछि राजप्रतिनिधि (पुरानो सामन्त राजाको खानदान), थकु जुजु (हालका बद्रीराज मल्ल) ले सेतो जामा र सेतो फेटा लगाई पूजा

---

[२३] कुलचन्द्र कोइराला, दक्षिणकाली क्षेत्र फर्पिङ हरिशङ्करजात्रा एक अध्ययन, प्रज्ञा, वर्ष १७, अङ्क १, पूर्णाङ्क ६३, पृ. १ देखि १२ सम्म, प्रकाशक नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, कमलादी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुरु गर्दछन् । पुजारी राजोपाध्याय हुन्छन् । रकमी ४ जना बिसेटहरूले बोलाउँछन् र कोटाल टोलका पचास-साठी जना मानिसले खट बोकी बाजागाजाका साथ कोटाल टोलदेखि माथि लाछीमा खट राखिन्छ ।

(४) आश्विन कृष्ण चौथीको दिन दिउँसो कोछ्रु टोलमा तिलविक्रमेश्वरको रथ, धलखु टोलमा अघोरेश्वरको रथ,. यलखु टोलमा नन्दिकेश्वरको रथ, थथेप टोलमा शेषनारायण (शिखरनारायण) को रथ, कोटेप टोलमा महालक्ष्मीको रथसमेत ६ वटा रथ (खट) ठीक पारी पीठ-पीठबाट पुजारी र रकमीद्वारा जीवघट' ल्याई स्नान गराई पूजा सम्पादन गरी जात्राका निम्ति बनेका पीठदेवताका प्रतीक मूर्तिहरू रथारूढ गरेर अलि-अलि ठाउँ सारी राख्ने काम हुन्छ ।

(५) आश्विन कृष्ण अष्टमीका दिन गोपालेश्वर, तिलविक्रमेश्वर, दक्षिणकालीको रथ, अघोरेश्वर, नन्दिकेश्वर, महालक्ष्मीको रथ र कालभैरवको मूर्तिचित्र अङ्कन भएको माटोका घ्याम्पा (जाँड भरिएको) समेत जात्रा गरिने देवता राख्ने आगमघरमा राखी बलिदानका लागि अर्पण गरिएका सातवटा राँगा पनि त्यहीं बाँध्नुपर्छ ।

(६) आश्विन कृष्ण नवमीका दिन बिहान उक्त सात राँगा पीठ-पीठमा लगी बलिदान गरी प्रसादका रूपमा सातै राँगाको मासु सातै टोलमा बाँडिदिनुपर्छ । यो खट बोक्ने व्यक्ति र बिसेटहरूले भागशान्ति पाउँछन् । बेलुका ९-१० बजेतिर बाजागाजाका साथ सर्वप्रथम दक्षिणकालीको खट, टिपी टोलका व्यक्तिहरूले थलखु टोलबाट बोकी ल्याई कोछ्रु टोल, यलखु टोल, थलखु टोल घुमाई थलखु टोलमा राख्तछन् । त्यसपछि नन्दिकेश्वर इन्द्रायणीको रथ थलखु टोलका मानिसहरूले बोकी थलखु, टिपी, कोछ्रु टोल घुमाई थलखु टोलमा लगेर राख्तछन् । यो दिन ३ रथ (खट) को यात्रा हुन्छ ।

(७) उक्त ३ रथजात्रा पनि रात्रिमा कोछ्रु टोलको 'बौलोहँ' भनी स्वच्छन्दभैरवमा कोछ्रु टोलका बिसेटले कर्माचार्यद्वारा पूजा गराई एउटा बोकाको बलिदान गर्दछन् । बोकाको छाला, खुर र टाउको जम्मा गरी तिलविक्रमेश्वर कुमारी रथको द्वादकमुनिको भुजुङ्गोभरि भात राखेर बोकाको टाउकाको पूजा गरी सातै टोलका बिसेट जम्मा भएर कसाहीलाई बाजा बजाउन लगाई फर्पिङका सातै टोलका देवीदेवताका पीठको क्षेत्र दोबाटो र चौबाटोमा उक्त भातको बलि दिन्छन् । यो बलि देवताको सान्निध्यमा रहेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूत, प्रेत, बेताल, क्षेत्रपालगण आदिलाई समर्पण गरिएको हो । यसलाई 'भूया' भन्दछन् ।

(८) आश्विन कृष्ण दशमीका दिन बिहान कोटेप टोलका रक्तभैरवमा पूजा गरी एउटा बोकाको बलि अर्पण गरिन्छ । यिनको प्रसादरूप तामाको घ्याम्पोमा भरी जाँड राखिन्छ र मुखुन्डो लगाएका भैरवको घ्याम्पो बाजागाजाका साथ बोकी कोटाल टोल पुऱ्याउँछन् । त्यहाँ कालभैरव (प्रचण्ड भैरव) को तामाको घ्याम्पाभरि जाँड राखेर रक्सीसमेत भएको घ्याम्पोलाई मुखुन्डो, मुण्डमाला धारण गरेको, त्रिशूल र डमरू हातमा लिने भैरव साथ भई रक्तभैरव र कालभैरवको घ्याम्पाको बिहानभरि नै जात्रा चलाउने कार्य हुन्छ । यो जात्रा दसैँताकको पचलीभैरव जात्राकै अनुरूप हो । आश्विन कृष्ण दशमीको राति १०-११ बजे बाजागाजाका साथ शिखरनारायण र महालक्ष्मीको खटयात्रा गरिन्छ ।

मूल जात्रा :

आश्विन कृष्ण एकादशीका दिन रात्रि १०-११ बजेतिर कोछु टोलको चक्रपूजा गरिने ठाउँमा माटाका नयाँ नौवटा घ्याम्पामा जाँड भरेर राखी भात पकाई पूजाको सामान, कुखुराको भाले १ र राँगा १ समेत ठीक पारेपछि मृगस्थली गोरखनाथका महन्त वा उनले खटाएका कनफट्टा जोगीका समक्ष नौ घ्याम्पा जाँड राखेपछि भैरवहरूको आवाहन गरी चक्रपूजा गरिन्छ ।

पूजापछि कुखुरा र राँगाको बलि दिन्छन् र त्यसपछि भुजा (भातको बलि) छर्ने कार्य गरिन्छ । राति कुमारीसहित तिलविक्रमेश्वरको रथ र महालक्ष्मीको रथसमेत ३ रथ (खट) जम्मा गरी जात्रा प्रदर्शन गरिन्छ । यसपछि शेषनारायणको रथ बोकेर ल्याई भङ्केश्वरीको मन्दिर घुमाई त्यस ठाउँभन्दा अलि अगाडिको चेप्टो ढुङ्गो नघाई उक्त रथ कोछु टोलमा पुगेको जात्राको साङ्गे (समाप्ति) भएको मानिन्छ ।

भोलिपल्ट बिहान फर्पिङ क्षेत्रभरिका देवीदेवतालाई सिन्दुरभाग पूजा गरी रकमीहरूलाई बाँडिसकेपछि १-१ पाउ सिन्दुरका पोका थकु जुजु, शेषनारायणका पुजारी, दक्षिणकालीका पुजारी, वज्रयोगिनीका पुजारी, अन्य रकमी, जजमान हुने प्रधान, महाने, कसाही, कुसुले, पोडे, कामी, सार्की, नाउ, भाट, बाजाखलकी सबैलाई सिन्दुरका पोका बाँडिदिनुपर्छ । यसपछि बाजागाजा गरी सबै पुजारी र रकमी पछि लागी हरिशङ्करजात्रा गरिने सातै रथमा र अरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवीदेवतालाई सिन्दुर चढाउने कार्य हुन्छ । पछाडि कोत तलेजुमा सिन्दुर चढाइन्छ । त्यसपछि जात्राको नवमी, दशमी, एकादशीसमेत तीन दिन बत्ती बाल्ने गोनालमा सिन्दुर चढाइसकेपछि जात्रा सकिन्छ ।

यात्राको रथमा स्थापना गरिने देवताहरू :

नन्दिकेश्वर, इन्द्रायणी, अघोरेश्वर नीलवाराही, कनकेश्वर दक्षिणकाली, सिद्धिगणेश्वर महालक्ष्मी, तिलविक्रमेश्वर कुमारी, शेषनारायण, गोपालेश्वरका रथहरू छन् । जात्रा गरिने केन्द्रविन्दु, जहाँ चक्रपूजा पनि सम्पादन गरिन्छ, भङ्केश्वरी पीठ छ । यी देवी कालीकै एउटा रूप वा नाउँ हो ।

उपर्युक्त देवताका रथहरू फर्पिङका सातै टोल घुमाई भङ्केश्वरी पीठको बायाँतर्फ पर्ने कोछु टोल घुमाई सबैभन्दा माथि गोपालेश्वर अनि नन्दिकेश्वर, त्यसपछि कनकेश्वर अनि अघोरेश्वर र त्यसपछि तिलविक्रमेश्वर, कोटाल टोलका शिवलिङ्ग, त्योभन्दा माथि शिखरनारायणको रथ राखी हरिशङ्करको रथ जोड्ने विधि गरिन्छ ।

आश्विन कृष्ण त्रयोदशीमा १२-१ बजे दिनमा जुलुससहित गोपालेश्वरको रथ सातै टोल घुमाई तलको पोडे टोलमा पुगेपछि पूजा गरी योमरी र फलफूलले रथलाई पर्सी प्रसाद बाँडिसकेपछि गोपालेश्वरलाई मन्दिरमा पुऱ्याइन्छ र नाङ्ग्रोल (जात्रा गर्ने मूर्ति) तथा जलसिं देवता (मूल मूर्तिको प्रतीक) गोपालेश्वरको अचल लिङ्गमाथि चार दिनसम्म राखी पूजा गरी हवन गरिन्छ । चार दिनसम्म गरिने पूजा र हवन सकी उक्त मूर्तिहरू आगमघरमा फिर्ता ल्याइन्छ ।

गोपालेश्वरको रथ मूल मन्दिरमा पुगेपछि मात्र अन्य ६ रथका मूर्तिहरूको खट ६ टोलमा लगिन्छ ।

परम्पराहरू :

गोपालेश्वरको रथयात्रा हुंदा उक्त रथ भङ्केश्वरीको मन्दिरअगाडि पुग्यो भने या कोटाल टोलका गौरगणेशको अगाडि पुग्यो भने अतिक्रमण दोषशान्तिका निम्ति कालो भेडो एउटा ल्याई गोपालेश्वरको छाकल (धुराका भैरव) लाई भोग दिनुपर्छ । साथै ११ ब्राह्मणद्वारा लघुरुद्री पाठ, चण्डी पाठ, विष्णुसहस्रनाम, गणेशसहस्रनाम पाठ गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो अतिक्रमण २०३४ साल र २०३८ सालमा भएको थियो । शान्तिस्वस्तिका निम्ति गुठी संस्थानबाट सरसामानको निकासा दिनुपर्छ ।[२४]

उपर्युक्त जात्राको परम्पराको अध्ययन गर्दा शिखरनारायणभन्दा पनि अगाडिको गोपालेश्वरको फर्पिङमा प्रमुखता रहेको पाइन्छ र त्यसपछिका शिखरनारायणको सहभागिताले हरिशङ्करजात्राको श्रीगणेश भयो ।

प्रत्येक देवताका शक्तिहरूको पनि साहचर्य आवश्यक मानिएकाले दक्षिणकाली, वाराही, कौमारी, महालक्ष्मी, वैष्णवी, इन्द्रायणी, चामुण्डा आदिको पनि भावना गरी मूर्ति राखी जात्रा चलाउने गरेको ज्ञात हुन्छ ।

कनकेश्वरी शिवकी शक्ति दक्षिणकाली स्थानीय मान्यताअनुसार कनकेश्वरी नाउँले पनि प्रसिद्ध रहिछन् भन्ने थाहा हुन्छ भने ने. सं. ३६० को कनकेश्वरी मुकुटको अभिलेखले (३६० + ९६० = १२९६ वि. सं.) भन्दा पनि निकै पहिलेदेखि नै दक्षिणकाली पीठको अवस्थिति र हरिशङ्करजात्राको परम्परा चलेको रहेछ भन्ने कुरा जान्न सकिन्छ ।[२५]

फर्पिङको विकासक्रममा दक्षिणकाली पीठको प्रमुखता :

दक्षिणकाली पीठको प्रमुखताबारे हरिशङ्करजात्राबाट ज्ञात हुँदैन । उत्तरप्राचीनकालमा तान्त्रिक साधना पक्षको विकास र शक्तिपीठहरूको विशेष मान्यता हुन थालेपछि देशरक्षाका निम्ति आफ्ना नगरवरिपरिको क्षेत्रमा पीठदेवताको स्थापना गर्न थालेको कुरा थाहा पाइन्छ ।

राजा गुणकामदेवले काठमाडौँलाई राजधानी बनाएको क्रममा चारैतिर पीठदेवताको स्थापना गरिएको कुरा वंशावलीले प्रस्तुत गर्दछन् । प्राचीन वास्तुशास्त्रअनुसार नगर निर्माण गर्दा देवता स्थापना गरिने क्रमको जुन उल्लेख पाइन्छ, त्यो र आठौँ शतीपछिको नगर निर्माणमा स्थापना गरिने पीठदेवतामा धेरै अन्तर थाहा हुन्छ ।

तान्त्रिक पक्षको विशेष उत्थान भएपछि फर्पिङ चारैतिर दक्षिणकाली पीठलाई मध्यस्थान पारी अन्य पीठदेवी अष्टमातृकाको स्थापना गरियो, जसको विवरण निम्नस्थ छ –

---

२४ स्रोत : गुठी संस्थानको लेखा तथा व्यवस्था शाखा ।
२५ यसै टिप्पणीको १२ नं. को अभिलेख ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१. गोपालेश्वर, फर्पिङ : पीठदेवी माहेश्वरी पीठ, कट्टुवाल दह
२. तिलविक्रमेश्वर, फर्पिङ : पीठदेवी कुमारी, फर्पिङ
३. अघोरेश्वर, फर्पिङ : नीलवाराही, फर्पिङ
४. नन्दिकेश्वर, फर्पिङ : इन्द्रायणी, गोरगापादुकानजिक
५. शिखरेश्वर, फर्पिङ : चामुण्डापीठ, शेषनारायणनजिक
६. कनकेश्वर, फर्पिङ : दक्षिणकाली
७. सिद्धिगणेश्वर, फर्पिङ : महालक्ष्मी
८. श्री .... : ब्रह्मायणीपीठ, पावरहाउसमुनि
९. श्री .... : वैष्णवीपीठ, दक्षिणकालीभन्दा माथि डाँडामा, आमाको नाउँले चर्चित

उपर्युक्त पीठबाहेकका तलेजु (तुलजा) राजदरबार कोतघर, भङ्केश्वरी तुलजाको सामु अगाडि र त्यसैको केही पश्चिम उग्रचण्डीपीठ छ भने बौद्ध परम्पराकी देवी वज्रयोगिनी (खड्गयोगिनी नामले चिनिने) फर्पिङ पश्चिम डाँडाको फेदीमा स्थापित छन् । यसरी विभिन्न पीठदेवता, स्थानीय देवता र क्षेत्रपाल तथा विभिन्न भैरवदेवताको पीठले युक्त गरी मध्यकालीन धार्मिक मान्यताको निर्वाह फर्पिङ सहरले पनि गरेको थाहा हुन्छ ।

परिशिष्ट

दक्षिणकालिका

श्री मन्मात्रा

१. श्री दक्षिण कालिकायै नमः ॥ स्वस्ति श्री सालि वाहनीय शके विधु नयन ऋषि चन्द्र मिते १७२९ प्रमोद नाम संवत्सरे श्रीसूर्य दक्षिणायने आश्विन मासे कृष्ण प-

२. क्षे अष्टम्यां पुण्य तिथौ रविवासरे आद्रा नक्षत्रे व्यतिपात योगे बालव करणे गिरिश मुहूर्ते कन्या राशि स्थिते सूर्ये मिथुन राखि स्थिते चन्द्रे देव गुरौच अन्येषु यथास्था ।

३. न स्थितेषु सत्सु स्वस्ति श्री गिरिराज चक्र चुडामणि नर नारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्रीश्रीश्री महाराज गी-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. र्वाण युद्ध विक्रम शाह बहादुर समसेर जङ्ग देवानां सदा समर विजयिनाम् श्री २ प्रितये प्रति वर्षीय वैशाख कृष्ण त्रयोदश्यां भाद्र कृष्णाष्टम्यां च दानम-

५. त्रस्था यथालिपि सामग्री मिरन्यून्यामि महा पूजां प्रति दिन नित्य पूजां च कारियतुं फर्पिङ ग्राम भूभागान्तर्गत चतरूत्तरतः पञ्चशत ५०४ मुरि परिमितं क्षेत्रं सकुशो-

६. दकं संकल्पं समर्पित मस्ति ॥ महापूजा नित्य पूजार्थ समुत्सष्टै तत्क्षेत्र सीमा पूजन सामग्री देयं क्षेत्र रक्षाधिकारस्थ जनभोग्यं चैत्रत्सर्व वृत्तान्त विलसि-

७. त मरूत मुद्रा लङ्कृत दान पत्र मधिकारिहस्ते स्थापित मस्ति अधिकारिणा च दान पत्र लिखिता यथा लिपि सामग्री नित्य नैमित्यिक पूजासु-

८. प्रापयितव्या कदाचिद्दैव वसादन्तराय प्रतिते सति अधिकारिणा राजद्वार मागत्य सचिव प्रभृति भारदार निकटे विज्ञप्तिं कृत्वा यथोक्त-

९. सामग्री संपाद नीयाः सचिवादिभिश्व तदीयोक्ति मव धार्य दानपत्र लिखित मानति क्रम्य नित्य पूजा नैमित्तिक पूजा च कारयितव्याः ॥ अथैतस्मिन्देव स्पेत दधि-

१०. कार्यन्योयः कश्चन पापात्मा लोभमा चरिष्यन् नित्य नैमित्यिक पूजा खण्डन करिष्यति स पञ्च महा पातकी भविष्यति तमेव कोपदृष्टचा पश्यतु स-

११. एव पुनर्वर्णा श्रमानु सारेण पराधानु सारेंण च वधार्ह श्वेद्धन्तव्यः । तत्कल त्रादिक दास्यत्वे नियोज्यम् अवध्यो व्राह्मणादिर्मुण्डना परा-

१२. ध युक्तश्वेतथा विधेयः । धनापहार योग्य श्वेत्तदीय धनं दायानुसारेण ग्राह्यम् । आपसारण योग्य श्वेद्देशतो बहिनिः सारणीयः । यः कश्चन ध-

१३. र्मात्मा तिधर्म संरक्षण विधस्यननुभय पूजां निर्वाहयिष्यति स पंच महायज्ञ जन्य पुण्यभाग् भविष्यति तस्मिन्नेव कृष सुदृष्टिश्व नि-

१४. तरां पतिष्पतीत्यत्र साक्षिण आदित्य चन्द्रोदयो देवाः ॥ मुनुष्याश्वैते मन्त्रिनायकाः श्रीरणोद्दतसाह श्री समसेर साह श्री वलभद्र साह श्री विदुर-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१५. साह श्री सेर वहादुर साहाः ॥ सचिवास्तु ॥ पाडे श्री रणजित पाडे श्री दामोदरः श्री त्रिभुवन श्री नरसिंह महाकोषध्यक्ष पाडे श्री भोटुः कोषाध्यक्षः

१६. स्यामलालोपाध्यायः । सोर्ण रौप्य मुद्राधिकारस्थः श्री भीमः । संकल्प वाक्यवक्ता पुरोहितः श्री दैवज्ञ केशरी पण्डितः । उदक न्यासकर्ता सचिव श्री की-

१७. र्तिमान सिंहः । सीमा समय साक्षिणः । पन्तोप नामक श्रीहर्षः । अर्यालोपनामकः श्री हरिः । खनालोप नामको भानुपाध्यायः । जगजित पाडे बोहोरोप नाम-

१८. क श्री हरिवंशः । रानोपनामक श्रीवंश वीरः । इतिश्री विक्रमार्क सम्वत् सरे १८५६ आश्विन शुक्लाष्टम्या आदित्य वासरे लेखो यं कान्तिपुर्यः शुभः ।

१९. स्वदत्तां परदत्तां वा यो हरेच्च वसुन्धराम् । षष्टी वर्ष सहस्राणि विष्टायां जायते कृमिः ॥१॥ शुभम् ॥

अनुवाद

श्री दक्षिणकालिकालाई नमस्कार । कल्याण होस् । श्री सालीवाहनीय शक १७२१ प्रमोद नामको संवत्सर वर्षमा सूर्य दक्षिणायन भएको बेला आश्विन महिना कृष्णपक्षको अष्टमी पुण्य तिथिमा आइतबार आद्रा नक्षत्र व्यतिपात योग बालव करण गिरीश मुहूर्तमा कन्या राशिमा मिथुन राशिमा चन्द्रमा र वृहस्पति भएको र अन्य ग्रहहरू आआफ्ना स्थानमा भएको बेलामा कल्याण होस् । (श्री ५ को प्रशस्ति) । श्री ५ गीर्वाण वीरविक्रम शाहदेवबाट श्री दक्षिणकाली प्रीतये गरी प्रतिवर्ष वैशाख कृष्ण त्रयोदशी र भाद्र कृष्ण अष्टमीमा पनि दानपत्रमा लेखिएबमोजिम सामग्रीमा अलिकति पनि कम नगरी महापूजा र नित्यपूजा गराउन फर्पिङ गाउँको भूभागअन्तर्गत पाँच सय चार मुरी परिमाणको खेत पानी, कुश लिएर सङ्कल्प गरी चढाएको छ । महापूजा र नित्यपूजाको समयमा पूजाको सामग्री दिनू । महापूजा र नित्यपूजाका निम्ति खेतको सिमाना छुट्याइएको छ । खेतको रक्षा गर्नेको अधिकार र जनताले खान पाउने भागको सबै वृतान्त भएको लालमोहर लागेको दानपत्र अधिकारी (गुठियार द्वारे) को हातमा राखिदिएको छ । यसको अधिकारवालाले दानपत्रमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखिएको सामग्री नित्यनैमित्य पूजाको बेलामा पुऱ्याइदिनू । कदाचित दैववश विघ्न आइपऱ्यो भने अधिकारीले दरबारको ढोकामा आएर सचिवादि भारदारको नगिचमा निवेदन गरेर लेखिएबमोजिमको सामग्रीको प्रबन्ध गर्नू ।

सचिवहरूले पनि गुठी चलाउनेको उक्तिअनुसार विचार गरी दानपत्रमा लेखिएको कुरा घटीबढी नपारी नित्यपूजा र नैमित्तिक पूजा गराउनू । यी देवताको यस्तो काममा जोकोही पापात्मा लोभले नैमित्तिक पूजा खण्डित गर्ला, त्यो पञ्चमहापातकको भागी होला । त्यसलाई श्री दक्षिणकालिकाले कोपदृष्टिले हेरून् । त्यसलाई वर्णाश्रमअनुसार र अपराधअनुसार काट्न हुने जाति भए मारि नै दिनू । त्यसका स्वास्नी, छोराछोरीलाई दास बनाइदिनू, मार्न नहुने ब्राह्मण आदिलाई अपराधी छ भने मुडिदिनू । सर्वस्व गर्न योग्य छ भने त्यसको धन भाइअंश छुट्याई हरण गर्नू । देशनिकाला गर्न योग्य छ भने देशबाट बाहिर धपाइदिनू । जुन कोही धर्मात्माले यो धर्म (नित्य-नैमित्तिक पूजा) संरक्षण गरेर दुवै किसिमको पूजा चलाइदेला, त्यो पञ्चयज्ञ गरेको पुण्यको भागी हुनेछ । त्यसलाई नै श्री दक्षिणकालिकाको सुदृष्टि पर्नेछ । यसमा साक्षी हुने सूर्यचन्द्र आदि देवताहरू छन् । मानिसहरूमा मन्त्रिनायकहरू श्री रणोद्योत शाह, श्री शमशेर शाह, श्री बलभद्र शाह, श्री विदुर शाह, श्री शेरबहादुर शाह, सचिवहरूमा पाँडे श्री रणजित, पाँडे श्री दामोदर, श्री त्रिभुवन, श्री नरसिंह महाकोषाध्यक्ष, पाँडे श्री भोटु, कोषाध्यक्ष श्यामलाल उपाध्याय, सुनचाँदीका मुद्राधिकारी (टक्सारी) श्री भीम, सङ्कल्प वाक्य पढ्ने पुरोहित श्री देवज्ञकेशरी पण्डित, पानी हाल्ने सचिव श्री कीर्तिमान सिंह, सिमाना लगाउँदाका साक्षीहरू पन्त थर हुने श्री हरि, अर्ज्याल थर हुने श्री हरि, खनाल थर हुने श्री भानु उपाध्याय, जगजित पाँडे, बोहरा श्री हरिवंश, राना थरका श्री वंशवीर । इतिश्री विक्रमार्क सम्वत् १८५६ आश्विन शुक्ल अष्टमी आइतबार यो लेखिएको मुकाम कान्तिपुर । शुभ होस् ।

आफूले दान गरेको र अर्काले दान गरेको भए पनि जसले यस्तो जगगा हरण गर्ला, साठी हजार वर्षसम्म विष्टाको कीरा भई जन्मनेछ । असल होस् ।

प्राचीन नेपाल, सङ्ख्या ११९, २०४७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरिशङ्करजात्रा

दक्षिणकालिका क्षेत्रको फर्पिङ सहर लिच्छविकालिक बस्ती हो । यस क्षेत्रका प्राचीन देवतामा श्री पशुपतिनाथकै समकालिक स्थापना भनेर अनुमान गरिएका गोपालेश्वर महादेव र लिच्छविसत्ता नेपालमा उदय भएपछि स्थापित भनेर अनुमान गरिएका भगवान् शिखरनारायण हुन् । वैदिक कालका द्वादशादित्यहरूमा कान्छा विष्णुको नाउँ आएको पाइन्छ भने उत्तरवैदिक कालदेखि विष्णुको विशेषता बढ्दै गएको छ । उपनिषद्कालिक ब्रह्मचिन्तनमा विष्णु जगदीश्वर ब्रह्मका रूपमा देखिन थाल्दछन् र महाभारत शान्तिपर्वको पाञ्चरात्रमतद्वारा विष्णुको महत्ता थाहा पाइन्छ ।

उपनिषद्को सर्वव्यापक ईश्वरको प्रभुताले मान्यता प्राप्त गरेपछि नै बौद्ध तथा जैनदर्शनको अहिंसावादको व्यापक प्रचार-प्रसार हुन्छ र वैदिक यज्ञवादको उक्त दुवै जैन तथा बुद्धदर्शनले खुला विरोध गर्दछन् ।

वैदिक यज्ञवादसँग समन्वय गर्दै उपनिषद्दर्शनको साररूप गीतादर्शनका व्याख्याता भगवान् कृष्णको अवतार भएपछि वासुदेव कृष्णको महत्तालाई वैदिक सनातनधर्मका अनुयायीहरूले पनि स्वीकार गर्दछन् र प्राचीन इतिहास तथा पुराणहरूलाई विस्तृत गरेर व्याख्या गर्ने काम महर्षि व्यासबाट प्रारम्भ हुन्छ । उहाँका शिष्य-प्रशिष्यले यसलाई अझ विस्तृत रूपमा व्याख्या गर्दै समसामयिक दार्शनिक विचारधारालाई हृदयङ्गम गरी नयाँ रूपमा पौराणिक धर्मको विकास गर्दछन् । बुद्ध र जैनद्वारा घोर विरोध गरिएको यज्ञमा पशुहिंसा गर्ने वैदिक परम्पराको पौराणिक युगमा त्यति कटु विरोध भने हुँदैन, तथापि यज्ञको सट्टा देवमन्दिरको स्थापना, प्रतिमापूजा र अहिंसा आदि विचारको विकास हुन्छ ।

वेदमा मान्यता पाएका अनेकौं देवताको सट्टा सर्वत्र व्यापक, सर्वदेवाधिदेव एउटै ईश्वरका रूपमा शिव अथवा विष्णु उपास्य देव हुन्छन् । शिवको सर्वव्यापक रूप यजुर्वेदले नै बताएको छ र यसलाई श्वेताश्वतर जस्तो उपनिषद्ले ब्रह्मरूपमा व्याख्या गर्दछ । यस्तै द्वादश आदित्यमध्येका विष्णु पनि वैदिक मन्त्रमा नै व्यापक, विभु, त्रिविक्रमका रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जानिन्छन् र पौराणिक युगमा स्वत्वगुणी रूपका पालनकर्ता, सृष्टिका आदिकारण र अजन्मा अव्यय रूपमा पूजित हुन्छन् ।

बौद्ध र जैनदर्शनको विकासभन्दा अगाडि नै शिव र विष्णुको महत्ता स्वीकृत भए तापनि यसको सम्प्रदायवादी रूप भने बुद्धदर्शनको प्रचार-प्रसारपछि भएको इतिहासविद्हरू उल्लेख गर्दछन् । 'एको देवो केशवो वा शिवो वा' भनेर व्याख्या गरे पनि र विष्णु र शिव मूलतः एउटै हुन्, भिन्न रूप लिएर पालन र संहारको काम गर्दछन् भनेर पुराणहरूले व्याख्या गरे पनि शिवलाई मुख्य मान्ने र विष्णुलाई मुख्य मान्ने सम्प्रदायवादीहरूका बीच कलह र वैमनस्यको जन्म भयो । यसको समाधानमा दुवै देवता एउटै हुन् र एउटै रूपका दुई अङ्ग हरिहर हुन् भन्ने कुरा पौराणिक एवं अन्य साहित्य र देवप्रतिमा (हरिहरमूर्ति) द्वारा पनि जान्न पाइन्छ ।

यस्तो प्रचार गर्नुपर्ने स्थितिले हामी साम्प्रदायिक कलहको जन्म भएको थियो भन्ने कल्पना पनि गर्न सक्तछौं । शिवर विष्णु तथा शाक्तहरूका बीच मात्र होइन कि शैव र बौद्धहरूका बीचको समन्वयात्मक जात्रापर्वको विशेष उदाहरण पनि नेपालमा नै बढी पाइन्छ ।

विद्वान् अन्वेषकहरूको विचारमा वैष्णव वा कृष्ण एवं शैव सम्प्रदायको सम्प्रदायधर्मका रूपमा विकास भएको ई. पू. तेस्रो शताब्दीतिर हो भन्ने छ । यसो भन्ने आधार त्यस बेलादेखिको पुरातात्त्विक सामग्रीले दिएको छ ।

शिव वा पशुपति मानवजातिका पहिला देवता हुन्, जसको अस्तित्व वेदकालभन्दा पनि अगाडिको हुनुपर्छ भन्ने इतिहासविद्हरूको तर्क पाइन्छ भने विष्णुको उल्लेख वैदिक संहिताकालदेखि सुरु हुन्छ ।

ईसाका सुरु वर्षहरूमा शैव तथा वैष्णव दुवै सम्प्रदायले छुट्टाछुट्टै रूपमा विकास गरेका थिए । शिव या रुद्रभन्दा सात्विक रूपका विष्णु भएकाले र यस सम्प्रदायका अनुयायीहरूले शैव सम्प्रदायको जस्तो अनेक रूप धारण गर्नुपर्ने आवश्यकता नभएकाले वैष्णवधर्म बहुसङ्ख्यक समाजमा प्रभावकारी भएको पाइन्छ ।

तिलक लगाउनु र नाममन्त्र जप्नुले मात्र पनि वैष्णवधर्मको अङ्ग पुग्दथ्यो भने शैवहरू जटी या मुण्डिताशिर, भस्मधारी, बाघाम्बरधारी अथवा दिगम्बर र श्मशानवासी, घोरकर्मा पनि भएकाले सम्प्रदायका रूपमा शैव वा पाशुपतको सङ्ख्या वैष्णवभन्दा कम रहेको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा लिच्छविराज्यको उत्कर्ष कालमा छिमेकी भारतको साम्राज्यक अधिपति गुप्तहरू वैष्णव थिए । यसकारण सुरुसुरुका लिच्छविराजा वैष्णव हुनुमा आश्चर्य हुँदैन ।

नेपालका आदिवासी गोपाल र त्यसपछि आउने किरातहरू शैव थिए । पशुपति र गोपालेश्वर गोपालहरूका पूज्य इष्टदेव थिए भने लिच्छविराजाहरूले यहाँ पसेर चार द्वारपालका रूपमा चार नारायणको चार दिशामा स्थापना गरेको कुरा जानिन्छ । नेपाल विजय गर्ने आर्य लिच्छविबाट चार दिशामा चतुर्व्यूहस्वरूप चार नारायणको स्थापना गरिएको अनुमान हुन्छ ।

विशाल साम्राज्यका निर्माता गुप्तहरूको ध्वजा गरुडलाञ्छन भएको हुन्थ्यो । सनदपत्रहरूमा र आज्ञापत्रहरूमा पनि गरुडलाञ्छन भएको मुद्रा अङ्कित हुन्थ्यो भन्ने कुरा अभिलेखबाट थाहा पाइन्छ ।

यही देखासिकी भनौं अथवा समसामयिक राजाहरूको अनुकरणमा ई. सं. ४६४ मा राजा मानदेव प्रथमले चाँगुमा गरुडस्तम्भ खडा गरेर अभिलेख कुँदाएको थाहा पाइन्छ ।

नेपाल उपत्यकाका आदिवासी गोपालवंशीहरू शैव थिए र गोपालेश्वरको पूजा गर्थे भने लिच्छविहरू वैष्णव भएकाले चार नारायणको स्थापना गरे मानदेवभन्दा १० पुस्ताअगाडिका राजा हरिदत्त बर्माले चार नारायणको मन्दिर बनाए । मानदेवले विजयोत्सवमा चाँगुका गरुडनारायणको पूजा गरेर ध्वजस्तम्भ स्थापना गरे ।

राजाको धर्म वैष्णव र जनताको धर्म शैव भएकाले दुवैको समन्वय गरेर एउटै मूलका दुई रूप मात्र हुन् भन्ने कुरा देखाउन जात्रा, मेला, पर्वको व्यवस्था मिलाउनु आवश्यक थियो । यसैकारण लिच्छविहरूको पहिलो बस्ती भनेर अनुश्रुतिबाट थाहा पाइने फर्पिङको हरिशङ्करजात्राको ऐतिहासिक पृष्ठभूमिको अध्ययन गर्दा यस जात्राको प्रारम्भलाई लिच्छविशासनको सुरुसँगै राख्न सकिन्छ । शैव र वैष्णवहरूको प्रतिस्पर्द्धात्मक स्थिति निकै पुरानो हो ।

'मायातु प्रकृति विद्यात् मायिनं तु महेश्वरः' (श्वेताश्वतर उपनिषद्) अर्थात् मायारूप प्रकृति हुन् र मायाको रचना गर्नेचाहिँ महेश्वर हुन् भन्ने वचनअनुसार सृष्टिको प्रारम्भ प्रकृति र पुरुषको सङ्गमद्वारा भएको मानिन्छ । यसकारण आदिशक्ति, पराशक्ति, प्रकृति, माया भनेर दार्शनिक अर्थ गरिएकी शक्तिको रूप लक्ष्मी, उमा, दुर्गा आदि नामले वैदिक कालदेखि नै प्रख्यात

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको पाइन्छ । तान्त्रिक पक्षको विकास भएपछि शक्तिका अनेक रूप, नाम र अनेकौं काम भएको कुरा उल्लेख भएको छ । पौराणिक कालपछि भएको समकक्ष रूपमा बहको आगम (तन्त्र) धारालाई समन्वयात्मक रूप दिएर पुराणहरूले स्वीकार गरेका थिए । परन्तु पौराणिक कालपछि भएको स्वतन्त्र तान्त्रिक विकास र बाहिरबाट आयात गरिएका तन्त्रमन्त्र, जादुटुना आदि उग्र साधनापक्षको स्वीकृतिले गर्दा सातौं शताब्दीपछिको तान्त्रिक धारा विभिन्न रूपमा फैलिएको देखिन्छ । विष्णुकी शक्ति लक्ष्मी र शिवकी शक्ति उमा, दुर्गा अथवा संहाररूप शिव (रुद्र) को कालीशक्तिको महत्ता पनि प्राचीन साहित्यमा नै पढ्न पाइन्छ ।

हरिशङ्करजात्रामा शिवकी शक्ति कालिकाको तथा विष्णुकी शक्ति लक्ष्मीको पनि साहचर्य हुनु आवश्यक थियो । शिव र काली विष्णु र लक्ष्मीको महत्ता स्वीकार गरिएपछि शिवका सेवकगण भैरव, क्षेत्रपाल, गणपति, कुमारसहित शिवपरिवार र विष्णु-लक्ष्मीका पार्षदगणको पनि उपासना र पूजाआजा हुनु आवश्यक भएकाले यस भावनाको समष्टि रूपमा पालना गरिने प्रथा पनि हरिशङ्करजात्रा विषयक अनुसन्धान गर्दा थाहा पाइन्छ । जात्राको सङ्क्षिप्त विवरण निम्न प्रकारको छ –

(क) भाद्र शुक्ल द्वादशीका दिनदेखि प्रत्येक वर्षमा यो जात्राको सुरुवात गरिन्छ । फर्पिङ बजारको बीचमा पुरानो राजदरबारको अगाडि पर्ने डबलीमा जात्राको सुरुवात हुन्छ । यहाँ श्री भङ्गेश्वरी (गुह्यकालीका दस रूपमध्येको एउटा रूपकल्पना) को पीठ छ । यसै पीठमा फर्पिङका सम्पूर्ण देवताको आवाहन गरिन्छ र पूजा हुन्छ । यो पूजा त्यसै ठाउँकी तुलजा (तलेजु) का पुजारी र श्री दक्षिणकालिकाका पुजारीले सम्पादन गर्दछन् । यस क्षेत्रका अन्य छुट गुठी र निजी गुठीका पुजारी र गुठियारहरू पनि यस मौकामा उपस्थित रहन्छन् । यस दिनमा प्रारम्भिक पूजा र समस्त देवताको आवाहन गर्ने विधि गरिसकेपछि दुइटा बोकाको बलिदान गर्नुपर्छ ।

(ख) भोलिपल्ट त्रयोदशीका दिनमा श्री गोपालेश्वरको आगमघरमा राखिएको मूर्ति जात्रामा रथारोहण गरेर घुमाइने देवताहरूको गणेशको पाटीमा ल्याएर पूजा गरी रातभरि राख्तछन् ।

(ग) त्यसको भोलिपल्ट अर्थात् चतुर्दशीका दिनमा राति शिखरनारायणका पुजारी जोशी, गोपालेश्वरको आगमघरमा तान्त्रिक पूजा गर्ने पुजारी आचाजु (कुलबहादुर कर्माचार्य) समेत भई फर्पिङ क्षेत्रका समस्त देवीदेवतालाई प्राचीन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधिविधानअनुसार काँचो धागोको पुथिका चढाई यज्ञमण्डप बनाई रातभरि होमादि यज्ञ सम्पादन गरिन्छ । यस विधिलाई पुच्छा गर्ने भनिन्छ । यो विधिविधान गर्दा छुट गुठीका गुठियार (वर्तमानमा जगत्बहादुर अमात्य) कर्ता (यजमान) बन्दछन् ।

(घ) भाद्र शुक्ल पूर्णिमाका दिनमा दिउँसो सर्वप्रथम श्री गोपालेश्वरको रथ तयार गरी चार-पाँच बजेतिर जात्रा गरिने चतुर्मुखी शिवलिङ्गजस्तै ठूलो तामामा सुनको मोलम्बा लगाइएको श्री गोपालेश्वरको नाङ्गिल रथमा राखिन्छ । सुनको मोलम्बा भएको गजुर राखी रथ सिँगारिन्छ । बेलुका ८-९ बजेतिर रथमा चँदुवा टाँगेर पोसाक पहिराइसकेपछि प्राचीन रीतिअनुसार राजप्रतिनिधिका रूपमा थकु जुजु बद्रीराज मल्लले सेतो जामा र सेतो फेटा लगाई पूजा गर्न सुरु गर्दछन् । यो पूजा शेषनारायणका पुजारी राजोपाध्यायबाट गराइन्छ । थकु जुजुबाट पूजा समाप्त भएपछि रथ (खट) बोक्ने टोलका मानिसहरूलाई यस जात्राका रकमी ४ जना बिसेटहरूले बोलाउँछन् र कोटाल टोलका पचास-साठी व्यक्तिहरू जम्मा भएर बाजागाजाका साथ गौरगणेश स्थानअगाडिको पाटीमा राखिएको रथ बोकी त्यही कोटाल टोलको करिब १० मिटरमाथि पर्ने लाछीमा रथ राखिन्छ ।

(ङ) आश्विन कृष्ण चौथीका दिनमा दिउँसो कोछु टोलमा श्री तिलविक्रमेश्वरको रथ १, धलखु टोलमा श्री अघोरेश्वरको रथ १, यलखु टोलमा श्री नन्दिकेश्वरको रथ १, थथेप टोलमा श्री शेषनारायणको रथ १, कोटेप टोलमा श्री महालक्ष्मीको रथ १ समेत ६ वटा रथ जम्मा गरी पीठ-पीठबाट पुजारी रकमीहरूद्वारा 'जीवघट'[२६] ल्याई स्नान गराई पूजा गरी यात्रा गरिने मूर्तिहरू रथमा आसीन गराएर अलि-अलि ठाउँ सारेर राखिन्छ ।

(च) आश्विन कृष्ण अष्टमीका दिन राति श्री गोपालेश्वरको रथ १, श्री तिलविक्रमेश्वरको रथ १, श्री दक्षिणकालीको रथ १, श्री अघोरेश्वरको रथ १, श्री नन्दिकेश्वरको रथ १, श्री महालक्ष्मीको रथ १, श्री कालभैरवको मूर्तिचित्र लेखिएका घ्याम्पा तथा जात्रा गरिने देवताहरू राखिने देवछेँ (आगमघर) मा बलिदानका लागि समर्पित सातवटा राँगा बाँध्नुपर्ने परम्परा छ ।

---

२६ रथमा राख्ने देवताहरू छुट्टै हुन्छन् । यी देवता आगमघरमा वा पुजारीका घरमा राखिन्छन् । त्यसबाहेक तान्त्रिक मूर्ति नभएकोमा मूल देवताको आवाहन गरिएका कलश राखिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(छ) आश्विन कृष्ण नवमीका दिन बिहान उक्त सातवटा राँगा पीठ-पीठमा लगी बलि चढाउनुपर्छ । सातै राँगाको मासु प्रसादका रूपमा सातै टोलका व्यक्तिहरूमा भागशान्ति बाँडिन्छ । यो प्रसाद रथ बोक्ने व्यक्तिहरू बिसेटहरूले पाउँछन् । यहाँ रथ भन्नाले प्रायशः खट भन्ने बुझ्नुपर्छ । यसलाई रथ नै भन्ने चलन छ । बेलुका ९-१० बजेको समयमा बाजागाजाका साथ सर्वप्रथम श्री दक्षिणकालीको रथ टिपी टोले ५०-६० जनाले थलखु टोलबाट बोकी कोछु टोल, यलखु टोल, थलाखु टोल घुमाई थलखु टोलमा राख्तछन् । त्यसपछि श्री नन्दिकेश्वर र इन्द्रायणीको रथ यलखु टोलका ५०-६० जना मानिसहरूले बोकी थलखु टोल, टिपी टोल, कोछु टोल घुमाई थलखु टोलमा लगेर राखिन्छ । यो दिन ३ रथको यात्रा गरिन्छ ।

(ज) यो ३ रथको जात्रा समाप्त भएपछि रात्रिमा कोछु टोलमा रहेका 'बौलोहँ' भनी स्वच्छन्दभैरवमा कोछु टोलका बिसेटले कर्माचार्यद्वारा पूजाआजा गराइन्छ । यहाँ एउटा बोकाको बलि दिइन्छ र बोकाको टाउकोको छाला र खुरहरू खुइल्याई श्री कुमारी तिलविक्रमेश्वरको रथको टाकलमुनि भुजुङ्गोभरि भात राखेर त्यस बोकाको टाउकाको पूजाआजा गरी अन्य ६ टोलका बिसेटसमेत सात टोलका बिसेटहरू जम्मा भएर कसाहीहरूलाई बाजा बजाउन लगाएर रात्रिमा फर्पिङका सातै टोलका सबै देवीदेवताका क्षेत्रमा, दोबाटा र चौबाटाहरूमा उक्त भात छरी फर्कन्छन् । यो परम्परा देवीदेवताको सान्निध्यमा रहने भूत, बेतालगण तथा क्षेत्रपालहरूलाई सन्तोषका निम्ति बलि अर्पण गरिएको मानिन्छ । यसलाई 'भूया' जानु भन्दछन् ।

(झ) आश्विन कृष्ण दशमीका दिन बिहान कोटेप टोलमा आसीन श्री रक्तभैरवमा पुजारी कर्माचार्यद्वारा पूजा गरिन्छ र बोका १ बलिदान दिने विधि छ । श्री रक्तभैरवको प्रसादरूप तामाको घ्याम्पोमा भरी जाँड राखिन्छ र मुखुन्डो लगाएका भैरवको घ्याम्पो बाजागाजाका साथ बोकी लगेर कोटाल टोल पुऱ्याइन्छ । त्यहाँ श्री कालभैरव (प्रचण्डभैरव) को तांमाको ठूलो घ्याम्पोमा भरी जाँड राखेर रक्सीसहित भएको घ्याम्पोलाई मुखुन्डो, मुण्डमाला लगाएका त्रिशूल र डमरू हातमा लिएका भैरव साथ भई श्री रक्तभैरव र कालभैरवको घ्याम्पाको बिहानभरि नै जात्रा चलाइन्छ । यो जात्रा श्री पचलीभैरवको दसैंताका हुने काठमाडौंको जात्राजस्तै हुन्छ । अघि एकपटक श्री प्रचण्ड भैरवको घ्याम्पाको जात्रा गर्दागर्दै फर्पिङबाट काठमाडौं हनुमानढोकामा प्रदर्शन हुन पुगेको कुरा 'त्रिरत्न सौन्दर्यगाथा' का रचनाकारले उल्लेख गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आश्विन कृष्ण दशमीका दिन राति १०-११ बजे बाजागाजाका साथ श्री शेषनारायण (शिखरनारायण) को रथ १ र श्री महालक्ष्मीको रथ १ समेतको रथयात्रा गरिन्छ ।

(ञ) मूल जात्रा : आश्विन कृष्ण एकादशीका दिन राति १०-११ बजेतिर फर्पिङ कोछु टोलको चक्रपूजा हुने ठाउँमा माटाका नयाँ नौवटा घ्याम्पामा भरी-भरी जाँड राखेर भुजा पकाई पूजाको सामान, कुखुराको भाले १ र राँगा १ समेत ठीक पारिसकेपछि श्री पशुपतिक्षेत्र मृगस्थलीबाट १ दिनअगाडि आई श्री भङ्‌केश्वरी मन्दिरमा बसेका गोरक्षपीठका महन्त कनफट्टा जोगी वा निजले खटाएका गोरख सम्प्रदायका कनफट्टा जोगीहरूका समक्ष उक्त नौ घ्याम्पा जाँड राखी चक्रपूजा गरिन्छ । चक्रपूजाको समाप्तिपछि कुखुरा १ र राँगाको बलिदान गरी भुजा छर्ने काम हुन्छ । यसरी चक्रपूजाको विधि सकिएपछि राति श्री तिलविक्रमेश्वरको कुमारीसहितको रथ, श्री गोपालेश्वरको रथ र श्री महालक्ष्मीको रथ जम्मा पारी ३ रथको जात्रा प्रदर्शन गरिन्छ । यसपछि श्री शेषनारायणको रथ बोकेर ल्याई श्री भङ्‌केश्वरीको मन्दिर घुमाई त्यहाँभन्दा अलिकति अगाडि माटोमा रहेको चेप्टो ढुङ्गा नघाई श्री शेषनारायणको रथ कोछु टोलमा पुगेको जात्राको साङ्गे भएको (समाप्ति) मानिन्छ ।

जात्राको यसरी समाप्ति भएपछि बिहान फर्पिङ जिल्लाभरिका देवीदेवतालाई सिन्दुरभाग पूजा गरी रकमीहरूलाई बाँडिसकेपछि करिब १-१ पाउका सिन्दुरपोका, थकु जुजु, शेषनारायणका पुजारी, दक्षिणकालिकाका पुजारी, वज्रयोगिनीका पुजारी, अन्य रकमीहरू, प्रधान, महाने, कसाही, कुसुले, पोडे, कामी, सार्की, नाउ, भाट, बाजाखलकीसमेतलाई सिन्दुरपोका बाँडिदिनुपर्छ । यसपछि बाजा अगाडि लगाई त्यसपछि सबै पुजारी र रकमीहरू पछि लागी हरिशङ्करजात्रा गरिने सात रथमा र अरू देवीदेवतालाई सिन्दुर चढाउनुपर्छ । पछाडि कोत तलेजुमा सिन्दुर चढाई त्यसपछि नवमी, दशमी, एकादशीसमेत तीन दिन बत्ती बाल्ने गोनालमा सिन्दुर चढाइसकेपछि जात्रा सकिन्छ ।[२७]

यसपछि सबै रकमीहरूलाई पुरानो दरबन्दीअनुसार ८ पैसा, १० पैसा, ३२ पैसा आदि छासल दाम वितरण गर्नुपर्ने नियम छ ।

---

[२७] यो परम्परागत जात्रामा प्रदर्शन गरिने तथा खटमा राखेर जात्रा गरिने प्राचीन मूर्तिहरूको फोटो यसै लेखको प्रसङ्गमा समावेश गरिएको छ । यीमध्ये केही मूर्तिहरू हाल हराइसकेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाह्र-बाह्र वर्षमा श्री शेषनारायणको रथ जात्रा समाप्ति मानिने चेप्टो ढुङ्गा नघाई लैजान नसकिने हुन्छ । श्री शेषनारायणको रथ कुनै प्रकारले श्री गोपालेश्वरको मन्दिरनजिक पुग्यो भने हरिशङ्करजात्रा समाप्त गर्न अनुमति प्राप्त नभएको मानिन्छ र रथहरू जहाँका तहीँ रहन्छन् । यस्तो भएमा बालाचतुर्दशीमा पुनः गोरखपन्थीद्वारा चक्रपूजा गराउनुपर्छ र सात पीठमा सात राँगाको पुनः पूजाआजासहित बलिदान गर्नुपर्ने परम्परा छ । साथै श्री कालभैरव तथा श्री रक्तभैरवका घ्याम्पा घुमाउने जात्रा पनि दोहोऱ्याउनुपर्छ ।

अघि १८८३ सालमा तेस्रोपटक पनि जात्रा गर्नुपरेको प्रमाण पनि प्राप्त छ ।

(ट) आश्विन कृष्ण एकादशीको रात्रिभर मूल जात्रा भई जात्राको साङ्गे भएमा बिहान सिन्दुरयात्रा गरी दिउँसो १-२ बजेदेखि श्री नन्दिकेश्वर (इन्द्रायणी) को रथ, श्री अघोरेश्वर (नीलवाराही) को रथ, श्री कनकेश्वर (दक्षिणकाली) को रथ, श्री सिद्धिगणेश्वर (महालक्ष्मी) को रथ, श्री शेषनारायणको रथसमेत ६ वटा रथलाई टोलटोलका मानिसले बाजागाजाका साथ फर्पिङ सहरका सातै टोल घुमाई क्रमैसँग श्री भङ्गेश्वरी मन्दिरको बायाँतर्फको कोछ्‌ु टोल घुमाई टोलटोलसम्ममा सबैभन्दा माथि श्री गोपालेश्वरको रथ, त्यसपछि श्री नन्दिकेश्वरको रथ अनि कनकेश्वर, अघोरेश्वर, सिद्धिगणेश्वर, तिलविक्रमेश्वर र त्यसपछि कोटाल टोलको बाटोमा शिवलिङ्ग, त्योभन्दा माथि श्री शेषनारायणको रथ राखेपछि श्री हरिशङ्करको रथ जोडिन्छ । त्यो दिन बिहान रथ बोक्ने टोलटोलमा मानिसलाई भात पकाएर खुवाउने परम्परा छ ।

(ठ) आश्विन कृष्णपक्षको त्रयोदशीका दिन दिउँसो १२-१ बजेतिर बाजागाजाका साथ कोटाल टोलका मानिस ६०-७० जनाले श्री गोपालेश्वरको रथ बोकी फर्पिङ सहरका सात टोल घुमाई तल पोडे टोलमा पुगेपछि पूजा गरी चामलको पीठोको योमरी र फलफूलले रथमा वर्षा गरी उत्सव मनाइन्छ । रथ बोक्नेहरू, बाजा बजाउने कसाही, कुसुले र पोडेहरूलाई दही, चिउरा, योमरी, फलफूलसमेत बाँडी त्यहाँबाट रथ बोकेर श्री गोपालेश्वरको मन्दिरमा पुऱ्याइन्छ । रथ मन्दिरमा पुगेपछि पुनः पूजाआजा हुन्छ र जात्रा गर्दा रथमा राखिने श्री गोपालेश्वरको प्रतिमूर्ति, जसलाई नेवारी भाषामा नाङ्गोल भनिन्छ, चतुर्मुखी स्पर्शले उक्त मूर्ति र तलसिङ देवता भनिने मूल देवमूर्तिसहित श्री गोपालेश्वरको अचल लिङ्गमाथि चार दिनसम्म राख्ने विधि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । यी चारै दिन पूजा र हवन हुन्छ । यसपछि उक्त मूर्तिहरू श्री गोपालेश्वरको आगमघरमा राख्न ल्याइन्छ ।

श्री गोपालेश्वरको रथ श्री गोपालेश्वरको मन्दिरमा पुगेपछि मात्र अन्य ६ रथमा राखिएका मूर्तिसहितका रथहरू ६ टोलमा लगिन्छ । श्री गोपालेश्वरको रथ जात्रा हुँदाहुँदै श्री भङ्केश्वरीको मन्दिरअगाडि पुग्यो भने वा कोटाल टोलका गौरगणेशअगाडि पुग्यो भने यो अतिक्रमणको दोष निवारण गर्न कालो भाँडो एक ल्याई श्री गोपालेश्वरको रथको छाकल (धुराका भैरव) लाई भोग दिनुपर्ने नियम छ । साथै ११ ब्राह्मणद्वारा ११ आवृत्ति रुद्री पाठ, चण्डी पाठ, विष्णुसहस्रनाम, गणेशसहस्रनाम पाठ गराई शान्तिस्वस्ति गर्नुपर्छ ।

विगत २०३४ सालमा श्री भङ्केश्वरी मन्दिरअगाडि श्री गोपालेश्वरको रथ पुगेको र २०३८ सालमा कोटाल टोल गौरगणेश स्थानअगाडि रथ पुगेकाले गुठी संस्थानमा खबर आई शान्तिस्वस्तिका लागि चाहिने उपयुक्त सामान निकासा भएपछि पूजाविधान गरी शान्तिस्वस्ति गरिएको छ । यसरी शिव र विष्णुको संयुक्त जात्रा गर्ने परम्परा फर्पिङ्मा छ भने जुम्लाका मल्लराजाका पालामा सिँजा साम्राज्यभित्र पनि हरिशङ्करजात्रा मनाउने गरेको प्रमाण छ । त्यो जात्राको विषय यहाँ समावेश गर्न सकिएन ।

हरिशङ्करजात्राका सम्वन्धमा प्रकाशनार्थ पठाइएका सात फोटामध्ये केही महत्त्वपूर्ण मूर्तिहरू हराइसकेका छन् ।

प्रज्ञा, पूर्णाङ्क ६३, २०४५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिखरनारायण

इतिहास :

काठमाडौँ सहरबाट नैऋत्य कोणमा पर्ने फर्पिङ नामक ठाउँमा प्रसिद्ध शिखरनारायणको मन्दिर छ । उपत्यकावासी र बाहिरबाट आउने मानिसहरूका निम्ति पनि फर्पिङको दक्षिण भागमा दुई खोलाको दोभानमा रहेको दक्षिणकाली पीठको दर्शन गर्नु आवश्यकता सम्झिन्छ । यिनै दक्षिणकाली जाने ठूलो सडककै नजिक फर्पिङ सहरभन्दा केही वरै उत्तरबाट दक्षिणतर्फ लम्पसार परेको ठूलो डाँडाको फेदीमा पहराको चेप पारेर शिखरनारायणको स्थापना भएको छ ।

फर्पिङ सहर लिच्छविकालीन बस्ती हो भन्ने अनुश्रुति छ । यहाँका प्राचीन बासिन्दा डङ्गोल (गोपाल) जाति छन् । किरातभन्दा अगाडि उपत्यकामा गोपालक जातिहरू आएका थिए भन्ने कुरा पुराना वंशावलीहरूबाट थाहा पाइन्छ ।[२८] इतिहासका अन्वेषक विद्वान्हरूको कथनअनुसार नेपाल उपत्यकामा आउने पहिलो लिच्छविराजा जयदेव प्रथम हुन् । गोपाल राजवंशावलीको कथनअनुसार भने नेपालमा आएर चार वर्णको बसोबासको व्यवस्था गर्ने र पशुपतिनाथको पहिलो मन्दिर निर्माण गर्ने व्यक्ति सुपुष्पदेव लिच्छवि भनिएको छ । यिनलाई कुनै वंशावलीले पशप्रेक्षदेव पनि भनेको पाइन्छ ।

लिच्छविहरू बुद्धकालीन समयमा जल्दाबल्दा थिए । मगधसम्राट अजातशत्रुले लिच्छवि गणतन्त्रलाई ध्वस्त पारे । त्यसपछि लिच्छविहरूको ठीक-ठीक इतिहास पाइँदैन । ईसापूर्व दोस्रो-तेस्रो शतीतिर यिनीहरू पुनः शक्तिशाली भएका इतिहासकारहरूले अनुमान गरे तापनि मगधमा मौर्य साम्राज्य र त्यसपछिको सुङवंशी साम्राज्यमा यिनीहरूको स्वतन्त्र अस्तित्व कल्पना गर्न सकिँदैन । पछिल्लो कण्ववंशीहरूको शासनमा यिनीहरूले स्वतन्त्र

---

[२८] तत्रान्तरे भङ्गारेश्वरी भटारिका वने विहरति गोपालो वभूवः । ततः पश्चात् माला खातः गोग्रामस्या आगमेन, नेप नाम गोलकस्य । वहुह्री नाम कपिलो गावी गोपाल वंशावली पृ. १७ क । ...तदनु गोपाल राजा निर्ज्जित्य महिष पाल नाम् यथाक्रमेनः राज्य पदम्भुंजीतः ॥ ऐ. ऐ. पृ. १७ ख ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अस्तित्व कायम गरेको अनुमान गरे तापनि सातवाहन आन्ध्रहरूको आक्रमणले मगध ध्वस्त हुँदा यिनीहरू पनि त्यस चपेटामा पर्न सक्छन् । त्यसपछि कुषाणहरूको बर्बरतापूर्ण आक्रमणपछि सुरक्षित ठाउँको खोजीमा यिनीहरू यस उपत्यकामा पसेको अनुमान हुन्छ । सिलभ्याँ लेभीले लिच्छविहरूको नेपाल प्रवेशको समय पहिलो शतीदेखि ईसाको ११० वर्षभित्र भनेर अनुमान गरेका छन् ।[२९] जायसवाल पनि त्यही कुरा भन्छन् । लिच्छविहरू त्यस समयभन्दा पहिले यहाँ आएका थिए वा थिएनन्, त्यो भन्न सकिने प्रमाण पाइँदैन । वंशावलीले भने राजा निमित्तकाल (निमिष) देखि नेपालमा शासक भएको उल्लेख गरेको छ ।[३०]

नेपालमा गोपाल, महिषपाल जातिपछि किरात जातिले शासन गरेको कुरा वंशावलीले वर्णन गर्दछन् ।[३१] त्यसको ठोस अभिलेख प्रमाण भने पाइएको छैन । नेपालको उल्लेख कौटिल्यको अर्थशास्त्रमा आएको छ र पुराना वैद्यक ग्रन्थमा चिराइतोको नाम नेपालक, किरात आदि भएको र यहाँका आदिम जातिहरू, जो गोपालक आर्य जातिकै सन्तान हुन्, तिनीहरू र सम्मिश्रणले गर्दा किरात मुखमुद्राको देखिनाले एवं प्राचीन अभिलेखमा ठाउँको नाउँ प्राचीन किरात भाषाकै भएकाले यहाँ किरात शासन रहेको कुरा पुष्टि हुन्छ । महाभारत आदिग्रन्थमा र प्राचीन पुराणहरूमा पनि नेपालका तीर्थस्थलको वर्णन पाइनुले भारतवर्षका आर्य जातिको आवागमन भने यहाँ थियो भनेर मान्नुपर्छ ।

बुद्धकालमा पनि आफ्ना परिजनसँग भेट गर्न भिक्षु आनन्द नेपाल आएका र जुत्ता नलगाउने हुँदा यहाँको हिउँले खुट्टा फुटेको थाहा पाएर शीतप्रदेशमा जाँदा जुत्ता लगाउने अनुमति बुद्धले दिएका थिए भन्ने प्रसङ्गबाट पनि आर्य जातिको बुद्धकालतिर नै प्रवेश भइसकेको थियो भन्ने कुरा थाहा हुन्छ ।[३२]

---

[२९] लेभी, नेपाल, भाग २, पृ. ४८ तथा क्रोनोलजी, डा. काशीप्रसाद जायसवाल, पृ. १०५-१०६ ।

[३०] अथ सूर्यवंश प्रभावात् नेपाले किरात राजा निर्जित्य लिच्छवी वंस्स प्रवतते । तस्य पुत्र श्रीणिमित्यकाल वर्ष ५० गोपाल वंशावली, पृ. १९ ख ।

[३१] ...सतेत्रय महिषपाल राजा । तत पश्चात गोपाल महिषपाल निर्ज्जित्य किरात राजा प्रवर्ततः । गोपाल वंशावली, पृ. १७ ख ।

[३२] मूल सर्वास्तिवाद विनय, टोकियो एडिसन उद्धरण नेपालको ऐतिहासिक रूपरेखा, पृ. ७१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुपुष्पदेवले वर्णव्यवस्था कायम गरे भन्ने वंशावलीको उक्तिले पनि जयदेवले यहाँ नै राजा भएर बस्न थाल्नुभन्दा पहिले आर्य जातिका केही मानिस ब्राह्मण, क्षत्री, वैश्य तथा शूद्र जातिको यहाँ प्रवेश गराएका थिए कि भन्ने अनुमान हुन्छ । जयदेवले शासन गर्न थालेपछि भने निश्चय रूपमा आर्य जातिको यहाँ जमघट भयो ।

लिच्छविहरू पहिले यहाँ आएर शिखरापुर (फर्पिङ) मा बस्ने गरे भन्ने अनुश्रुति छ । पानी प्रशस्त भएको उच्च भूमि र केही खेतीलायक जमिन र जङ्गल पनि भएको उक्त क्षेत्र हुँदा पहिलो निवासभूमि भएको हुन सक्छ । बागमतीको किनारा पक्रेर आउँदा पनि मुखमा फर्पिङ नै पर्दथ्यो र उपत्यकाबाट दक्षिण जाने बाटो पनि फर्पिङ हुँदै चित्लाङ भेग निस्केर तराईतर्फ जान सजिलो पर्दथ्यो ।

ईसापूर्वका शताब्दीहरूमा खास गरेर सुङकालमा शैव तथा वैष्णव धर्मको भारतमा निकै प्रचार-प्रसार भएको थियो । सुङहरू स्वयं ब्राह्मण थिए र वैदिक धर्मका पक्षपाती हुँदा बुद्धधर्मको समानान्तर अहिंसामा बढ्ता आस्था राख्ने वैष्णवधर्म हुँदा निकै प्रश्रय पायो । यस पौराणिक धर्मको रूप दिने काम सुङहरूले नै गरे भन्ने कुरामा धेरै इतिहासकारहरू सहमत छन् ।[३३]

एक समय बुद्धधर्मले प्रभावित लिच्छविहरू सुङको राज्यकालमा वैदिक धर्मका अनुयायी भएको अनुमान हुन्छ । सर्वोत्तम परमेश्वरका रूपमा मानिएका विष्णु वा नारायणका उपासक भएपछि यहाँ आएका लिच्छविहरूले पहिले उपत्यकाका चार दिशामा चार नारायणको स्थापना गरे । लिच्छविसँग यहाँ आउने ब्राह्मण-क्षत्रियहरू पनि वैष्णवधर्मप्रति श्रद्धा राख्ने थिए होलान् । उपत्यकाको समतल भूमि खेतीलायक भए पनि बसोबास गर्न उपयुक्त थिएन । बस्ती बस्न सक्ने केही उच्च भूमिमा प्राचीन जाति र पछि आउने कोलि-बज्जि जातिहरूको बाक्लो जमघट भइसकेकाले पनि उपत्यकाको किनाराका उच्च शिखरतिर नै ब्राह्मण-क्षत्रीहरूको बसोबास भएको कल्पना गर्न सकिन्छ ।

पुष्ट प्रमाणका अभावमा चार नारायणको स्थापना कसले, कहिले गरे भन्ने कुरा अन्धकार नै छ, तापनि यहाँ वैदिक धर्मका अनुयायी लिच्छविहरूको राज्य कायम भएपछि चार दिक्पालका रूपमा चार नारायणको स्थापना गरेको कुरा अनुमान गर्न सक्छौं । यो काम अनुमानतः जयदेवले नै गरे ।

---

[३३] प्राचीन भारतका इतिहास, विद्यालङ्कार, डा. मनराल र रमेशचन्द्र मजुमदारहरू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोपाल राजवंशावलीको २० पत्रमा जयदेव लिच्छविको छैटौं पुस्तामा हुने राजा हरिदत्त चारै शिखर प्रदेशमा भगवान् विष्णु भट्टारकको मन्दिर बनाई पूरा गरेको उल्लेख भएकाले पनि आफ्ना पुर्खाले स्थापना गरेका चार नारायणको मन्दिर बनाउने काम हरिदत्त बर्मा लिच्छविले गरेको कुरा थाहा हुन्छ । नेपालका अन्य प्राचीन वंशावलीहरूको उल्लेखअनुसार पनि चार नारायणको मन्दिर बनाउन हरिदत्त नै हुन् भन्ने जानिन्छ । हरिदत्तका छोरा वसुदत्त हुन् भन्ने कुरा वंशावलीबाट थाहा हुन्छ र केवलपुरका ध्रुवदेव-जिष्णुगुप्तको अभिलेखमा वसुराज, महीदेव, गणदेव आदि राजाले अघि दिएको कुरा जुन हरण भएको थियो, त्यो तिमीहरूको सहायताबाट खुसी भएका हामीहरूले थामिदिएको छ भन्ने कुराका साथै भगवान् नारायणको कारण पूजा आदि तिमीहरूले नै चलाउनू भनी दुई सय (रोपनी) जग्गा र अन्य रकम माफ गरिदिएको व्यहोरा उक्त शिलापत्रमा उल्लेख भएको छ । साथै त्यसै ठाउँनजिक पारिपट्टि रहेको चार नारायणमध्येको इचङ्गु नारायणस्थानमा पाइएको ने. सं. ३२० को अभिलेखमा 'हरिदत्त भूपति कृतन्नारायण'[३४] भन्ने उल्लेख पाइएकाले हरिदत्तले चार नारायणको मन्दिर बनाए भन्ने वंशावलीहरूको कुरा समर्थन हुन्छ ।

शक सं. ३८६ मा पूर्व-पश्चिम दिग्विजय गरी खुसी भएका लिच्छविराजा मानदेवले चाँगुनारायणको विशेष पूजाआजा, दानधर्म गरी आफ्ना आकृतिको गरुडस्तम्भ स्थापना गरी अभिलेख कुँदाएका छन् । यसबाट लिच्छविराजाहरूको विष्णुप्रति विशेष झुकाव देखिन्छ ।

उपर्युक्त वंशावली, पुरातन अभिलेख र अनुश्रुतिहरूका आधारमा हरिदत्तका पुर्खा (जयदेव प्रथम) ले स्थापना गरेका चार नारायणका मन्दिरचाहिँ हरिदत्तले बनाए भन्ने कुरा सत्य नै मान्नुपर्ने हुन्छ ।

भाषा वंशावलीमा पनि यो कुरा लेखिएको छ । त्यसमा शिखरनारायणलाई स्वयं (आफैँ उत्पन्न भएका) नृसिंहनारायण भन्ने कुरा

---

34 अस्माभिर्भवत्सहायादि कर्म पुरितुष्टैः शत द्वायन्नुपुन्ने भगवन्नारायण स्वाभिनो भवद्भिरेव कारण पूजादि प्रवर्तनार्थम्प्रपादित दश शतानि – केवलपुरको अभिलेखको १४, १५, १६ पङ्क्ति, लिच्छविकालका अभिलेख, पृ. ४१४, धनवज्र । श्री हरिदत्त भूपति कुन्नारायण... – लिच्छविकालका अभिलेख, पृ. ४१७ को उद्धरण ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उल्लेख भएको पाइन्छ[३५] र देवालय बनाई पूजा-मान्यता गरेको कुरा पनि त्यसमा लेखिएको छ । देवमाला वंशावलीमा शिखरनारायणका विषयमा भनिएको छ – यी परमेश्वर आदियुगदेखि विराजमान भएका हुँदा श्रीकृष्णबाट गोपालेश्वरको स्थापना गर्दा प्रद्युम्नले चतुर्भुजी विष्णुको मूर्ति स्थापना गर्दा ताहाँ दुई नारायण भएका हुन् । पछि राजा हरिदत्त वर्मालाई स्वप्नमा दर्शन दिएको हुँदा ॐ, लक्ष्मी, कामधेनु, वासुकीदहसमेतका नारायणलाई प्रख्यात गरी देवालय बनाई नित्यार्चन गराया । ९० साल माघ वदि ३० रोज २ मा ठूलो भूकम्प हुँदा केही भएन (देवमाला वंशावली, पृ. ३८) ।

यस्तै नेपाल देशको इतिहास भनी लेखिएको वंशावलीमा पनि उपर्युक्त कुरासँग नै मेल खाने गरी उल्लेख भएको पाइन्छ । गोपाल वंशावलीमा चार नारायणको मन्दिर बनाएको छोटो प्रसङ्ग मात्र छ भने यसमा हरिदत्त वर्माले नेपाल मण्डलमा चार धामका स्वरूपले विराजमान नारायणको सपनामा दर्शन पाएर यहाँका चार शिखर दोलागिरि, शतरुद्र, इचङ्गु र फर्पिङको शिखरमा नारायणको स्थान ठहराए भन्ने कुरा उल्लेख भएको पाइन्छ । साथै फर्पिङका नारायणलाई नृसिंहनारायण भनिएको छ ।[३६]

बुद्धकालभन्दा केही अघि पश्चिमी भारतमा वासुदेव सम्प्रदाय चलेको थियो । यसको विकासक्रममा चतुर्व्यूह राम, कृष्ण, प्रद्युम्न, अनिरुद्रको पूजाविधान पाइन्छ । पछि वैष्णवधर्मको विकासमा नारायणको पूजा-उपासना हुन लाग्यो । नारायणका अनेक रूप थिए । शेषनागको शैयामा सुत्ने जलशायी नारायण, गरुड वाहन भएका गरुडनारायण, नृसिंह रूपका नरसिंहनारायण, वैकुण्ठवासी नारायण आदि विविध रूपमा विष्णुको उपासना हुन लाग्यो ।

---

३५ फेरि नैऋत्य भागमा श्री नृसिंह नारायण शिखरी लक्ष्मी सहित विराज भयाका कन पूजामान गरी देवालय बनाई प्रख्यात गराया । भाद्र शुक्ल १४ का दिनमा नरकतीर्थमा स्नान दान गराया । यस स्थानलाई फर्पिङ भन्दछन् । यति चार नारायणकन हरिदत्त वर्मा राजाबाट स्थान स्थानमा जाइ शास्त्र विचार गरी ईश्वरकन प्रख्यात गरी स्वयम्भू ठहराई भक्तिभाव गऱ्या । – भाषा वंशावली, भाग १, पृ. ५५, सं. नयननाथ ।

३६ ...दक्षिण भागको फर्पिङ शिखरमा लक्ष्मीसहित नृसिंहनारायणको उही रीतले देवालय बनाई पूजा गरी प्रतिवर्ष भाद्र शुक्ल चतुर्दशीका दिन त्यहाँको चक्रतीर्थमा स्नान गर्ने मेला चलाए । – नेपाल देशको इतिहास, प्राचीन नेपाल, सं. १३, पृ. १३, पुरातत्त्व विभाग ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका चार शिखरमा स्थापना गरिएका दिक्पालरूप नारायणको उपासनाक्रमको वर्णनले पनि वैष्णवधर्मको प्रारम्भिक विकासको क्रमलाई थाहा पाउन सकिन्छ । यसबाट पनि नेपालका चार नारायणको स्थापनाकाल प्राचीन ठहर्दछ ।

शिखरनारायणको विविध नाम र रूप :

आजकाल फर्पिङ सहरलाई प्राचीन अभिलेखहरूमा शिखरापुरी भनिएको पाइन्छ र मध्यकालमा नेवारी अभिलेखहरूमा फर्पिङ, फमपीन आदि नामकरण गरिएको छ । यस्तै नारायणको नाउँ पनि शिखरनारायण, शिखानारायण, शेषनारायण आदि उल्लेख भएको पाइन्छ । शिखरनारायण ठाउँको नामबाट भएको र प्रायः अन्त्याक्षर लोप गरी शब्दको उच्चारण गर्ने नेवारी भाषाको परम्पराअनुसार शिखा वा शिकानारायण भनिएको हो । परन्तु शेषनारायणको नामकरणले चाहिँ वंशावलीहरूको कथनलाई नै खण्डन गर्दछ ।

धेरैजसो वंशावलीले नृसिंहनारायण भनेर नामकरण गरेका छन् । किन्तु त्यहाँ नृसिंहको रूपाङ्कन भएको पाइँदैन र त्यहाँ स्थापना गरिएको पुरानो मूर्ति चतुर्भुजी नारायणको थियो, जसको निर्माणकाल आठौँ शतीभन्दा पछिको थियो । उक्त मूर्ति पनि हराएकाले हाल नवनिर्मित मूर्ति प्राणप्रतिष्ठा गरी स्थापना गरिएको छ ।

अरू देवीदेवताको पीठ स्थापना गर्दा शुद्ध शिलापत्र राखेर आवाहन गरिएको देख्न पाइन्छ । परन्तु विष्णुनारायणको स्थापना कि त शालिग्राम शिला कि त गोमती चक्रशिला हुनुपर्छ । त्यो नभए काष्ठधातु, पाषाण र मृत्तिकाकै भए पनि मूर्ति बनाएको हुनुपर्छ । यसकारण स्थापनाकालमा चार नारायण अवश्य नै मूर्ति बनेका थिए होलान् । चाँगुनारायणको स्वर्णमूर्ति जीर्ण भएको हुँदा शक सम्वत् ५२९ मा तत्कालीन नेपालका राजा अंशुवर्माले जीर्णोद्धार गरेका थिए र त्यो मूर्तिको शिरोभाग पुनः मल्लकालमा फेरिएको थियो । देवप्रतिमाहरू टुटफुट र अङ्गहीन भएमा पूजा नगर्नु र नयाँ निर्माण गरी प्राणप्रतिष्ठा गरेर स्थापना गर्नु भन्ने शास्त्रीय चलन भएको हुँदा अङ्गभङ्ग भएमा नयाँ मूर्ति बनाई स्थापना गरिन्थ्यो । काठ र माटाका मूर्तिहरू १२ वर्ष पुगेपछि फर्ने वा रङ्गरोगन गरी पुनः जीवन्यासकर्म सम्पादन गरेर स्थापना गरिन्छ । नेपाल उपत्यकाभित्र हरसिद्धि, जयवागीश्वरी, नवदुर्गा आदि ठाउँमा बाह्र वर्षमा टुटफुट भए नयाँ निर्माण गर्ने र सद्दे भएमा रङ्गरोगन गरी पुनः स्थापना गर्ने परम्परा छ । यस्तै खड्गयोगिनी, फर्पिङ र अन्य केही ठाउँमा काष्ठनिर्मित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूर्तिहरू १२ वर्षमा फेर्ने परम्परा छ । भारतको जगन्नाथमा पनि श्रीखण्डद्वारा निर्मित जगन्नाथको काष्ठमूर्ति १२ वर्षमा फेरिन्छ । यसकारण हाम्रा प्राचीन नारायणका पीठहरूमा नयाँ मूर्ति हुनु आश्चर्य हुँदैन ।

शिखरापुर (फर्पिङ) मा लिच्छविकालीन शिलालेख पाइएकाले प्राचीन बस्ती हो भन्ने कुरा थाहा हुन्छ ।[३७] मध्यकालमा सेलङको राजपूत वंशका शक्तिशाली सामन्तहरूले त्यहाँ शासन गरेको कुरा अभिलेखबाट थाहा हुन्छ ।

फर्पिङमा अति प्राचीन गोपालेश्वर शिवको मन्दिर छ, जसलाई किरातकालभन्दा अगाडिका गोपालहरूले इष्टदेवताका रूपमा नै स्थापना गरेको अनुमान हुन्छ । त्यसपछि यहाँ शिखरनारायणको स्थापना भयो । शैव र वैष्णवमा परस्पर वैमनस्य नहोस् भन्ने हेतुले प्राचीन कालदेखि नै शिव र विष्णु एकै हुन्, नामको मात्रै फरक हो भन्ने कुरा सम्झाउन पुराण र अन्य साहित्यहरू पनि बनेको पाइन्छ । यही भावनालाई साकार रूप दिन फर्पिङमा हरिशङ्करजात्राको परम्परा चल्यो । सुरुमा गोपालेश्वर र शिखरनारायणको यस जात्रामा प्रमुखता रहे पनि फर्पिङका अन्य प्रमुख देवता कनकेश्वरी (दक्षिणकाली), झङ्गेश्वरी (गुह्येश्वरीको एउटा रूप), भैरवहरू र अन्य नारायणहरूको समेत समन्वय गरी यो जात्रा चलाइन्छ ।[३८]

उक्त जात्राको रथारोहण गरी जात्रा गरिने शिखरनारायणको सुनौलो मूर्तिले शेषनारायणको प्रतिनिधित्व गर्दछ । शेषनागको फणाको छत्रछायामा नारायणको मूर्ति छ र यसलाई शेषनारायण नै भन्दछन् । परन्तु त्यस मूर्तिको अभिलेखमा भने श्री ३ नृसिंहनारायण नै उल्लेख भएको छ । यो अभिलेख राजा जयप्रकाश मल्लका पालाको हो । यसमा परम्परागत अनुश्रुति एवं वंशावलीहरूको कथनअनुसार अभिलेख कुँदेको थाहा पाइन्छ ।[३९]

---

[३७] फर्पिङको गणदेवका पालाको अभिलेख – लिच्छविकालका अभिलेख, पृ. १८२, सं. ४२, धनवज्र । अंशुवर्माको अभिलेख, ऐ. ऐ. १६८, सं. ८८, धनवज्र । नेपाली संस्कृति – ९ ।

[३८] हरिशङ्करजात्राबारे, प्रज्ञा त्रैमासिक पत्रिका, अङ्क ६३, पृ. १ देखि हेर्नोस् ।

[३९] स्वस्ति । सम्वत् ८७४ भाद्रपद कृष्ण दशमी प्र. एकादशी वृहस्पतिबार थ्व कुन्हु श्री ३ नरसिंह भट्टारक प्रीतिन श्री श्री जय राजा प्रकाश मल्ल ...हंसी दुता जुलो ॥ शुभम् ॥ – शेषनारायण नागफणाको अभिलेख (फर्पिङ) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहाडको तल पहराको चेपको साँगुरो ठाउँमा शिखरनारायणको स्थापना भएकाले यहाँ ठूलो मन्दिर बनाउन सम्भव थिएन । मन्दिरबाट सिँढी झरेपछि एउटा पहाडबाट निस्केको पानीको स्रोत जमाएर तलाउको रूप दिइएको छ, जसलाई वंशावलीहरूमा वासुकी दहको नामकरण गरिएको छ । त्यहींको जलले नारायणको स्नान-पूजा गरिन्छ र तीर्थका रूपमा यहाँ स्नान गर्दछन् । नेपाल उपत्यकाको तीर्थयात्रा गर्ने प्रसङ्ग वर्णन गर्दा हिमवत्खण्डमा पनि पहिले शिखरनारायणको दर्शन गर्नु भनिएको छ ।

हिमवत्खण्ड अध्याय १०६ मा भनिएको छ – तीर्थ गर्दै हिँडेका विष्णुले बागमती र गोमतीको सङ्गममा स्नान गरी पर्वत शिखर जान लागेकी कामधेनुलाई देखे । विष्णुले पनि त्यहाँ स्नान गरी कामधेनुको पिछा गर्दा मर्कटाचल पर्वतमा दूध चुहाई आकाशमा जान लागेकी कामधेनुसँग सोधे । कामधेनुले भनिन् – 'हे विष्णु ! मेरो पालना गर्नोस् । दूध चुहाएको ठाउँमा खनेर हेर्नोस् । दुनियालाई इच्छामाफिकको फल दिने शिवलिङ्ग र हामी दुवैको मूर्ति देख्नुहुनेछ । त्यस लिङ्गको सेवा गर्दै चिताएको वर प्राप्त गरेपछि त्यसदेखि पश्चिमपट्टि तपाईंको ठाउँ हुनेछ ।' विष्णुले त्यहाँ खनेर हेरे । त्यहाँ तेजस्वी शिवलिङ्ग प्रकट भयो । विष्णुले विधिवत् पूजा गरे, प्रदक्षिणा र स्तुति गरे । अनि शिवलाई खुसी पार्न यज्ञकुण्ड बनाई हवन गरे । शिवजीलाई स्नान गराउन गङ्गालाई आवाहन गरे । गङ्गा त्यहाँ प्रकट भइन् । त्यस जलले शिवलाई स्नान गरी पूजा गर्दा शिवजी प्रकट हुनुभयो र विष्णुलाई भन्नुभयो – 'तपाईंको भक्तिले म खुसी छु । यो हामी दुईको मूर्ति तपाईंको नामले (गोपालेश्वरको नामले) प्रख्यात हुनेछ । यहाँ आएर तपाईंको र मेरो जसले दर्शन गर्नेछन्, तिनीहरू मेरा गणपति हुनेछन् । तपाई यहाँभन्दा पश्चिम रहेको ऋक्षवान पर्वतको फेदीमा बस्नुहोस् ।' महादेवको आज्ञाले विष्णु जहाँ शिखरिणी नदी निस्केकी छन्, त्यहाँ बस्नुभयो इत्यादि.।[४०] हिमवत्खण्ड (स्कन्दपुराण) को यो

---

[४०] परिभ्रम्य रसासार्वामत्रैव भगवन् विभूः गापीदीच नदी पुण्या बागमती सुरपूजिता । तयोश्व संगमे पुण्ये गोपाल तीर्थ मुत्तमम् ॥११॥ तत्र ददर्श विष्णु स्तां काम धेनु सुरार्च्चिताम् ...इत स्तत स्तदा भूमौ स्त्रवन्ती क्षीर मादरात् । ...भाद्र कृष्ण चतुर्दश्यां प्रस्तव्य क्षीर मंत्रसा । रदर्श चागतं विष्णु स्नात्वा च त्यदितं तदा १५। ...मां गां पालय भो विष्णो सिद्ध कामो भविष्यति तत्रैव दृश्यतां लिङ्ग मूर्ति चैवाक्यो शिवं । खनित्वाच मृदं विष्णो लोकेसित फलप्रदं । प्रतीच्या समन स्थानं तवतत्र भविष्यति २० ॥ गोपालेश्वर उवाच । तुष्टोइहते हरे भक्ताय यतज्जलै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कथाले शिव र विष्णुको संयुक्त प्रतीकका रूपमा गोपालेश्वर छन् भने भगवान् शिखरनारायण पनि त्यहाँ छुट्टै अस्तित्व लिएर बसेका छन् ।

नेपाल माहात्म्यको बाह्रौं अध्यायमा भगवान् कृष्ण नेपाल आएर इन्द्रदमनको बध गरेपछि प्रद्युम्न र नारदसहित भएर गोपालेश्वरको स्थापना गरेको र प्रद्युम्नले शिवनारायण नामले देवता स्थापना गरेको वर्णन छ । फेरि त्यहीं नै कृष्णले गोपालेश्वर र प्रद्युम्नले नारायणको मूर्ति स्थापना गरेको उल्लेख भएकाले र शिव र विष्णुको एकात्मकता स्थापना गर्ने पुराणहरूको उद्देश्य रहेको थाहा हुन्छ ।

पुराणहरूले जे भने तापनि गोपालेश्वर शिव र शिखरनारायणको स्थापना पुरातनकालमा नै भएको कुरामा सन्देह रहदैन ।

मन्दिर र मूर्तिहरू :

शिखरनारायणको हराएको मूर्ति पनि चतुर्बाहु नारायणको मूर्ति थियो र हाल पनि तदनुरूप नै स्थापना गरिएको छ । नारायणको मूर्तिका साथ लक्ष्मी, कामधेनु, गणेश आदि देवताका मूर्तिहरू पनि छन् । मन्दिरभन्दा बाहिर उत्तरपट्टि पनि लहरै अन्य मूर्ति र केही शिलापत्रहरू राखिएका छन् । तीमध्ये वामनावतारको मूर्तिले विशेष स्थान राख्तछ ।

मन्दिर पहराको चेपमा प्रचलित नेपालको मण्डप शैलीमा बनेको छ । ठाउँअनुसार बनाउनुपर्दा यहाँ २-३ तले छाना बनाउन मिल्दैन । काठ र इँटाद्वारा बनेको यस मन्दिरको बीचमा ढोका छ । पछाडिपट्टि कडा पहरो भएकाले भित्र उज्यालो पुऱ्याउन ढोकाको अगलबगलमा पनि खुला राखिएको थियो । देवताको सुरक्षाका निम्ति त्यहाँ वरिपरि तथा अगाडि ग्रिल ठोक्ने काम भएको छ । पूर्वपट्टि फर्केको यस मन्दिरको बीचबीच पहराको आंडमा नारायणको मूर्ति स्थापना गरिएको छ । उत्तरपट्टि लहरै देवताका मूर्ति र शिलापत्रहरू पनि पहरे भित्ताकै आडमा छन् । त्यसपछि उत्तरतर्फ प्राकृत गुफा छ, जहाँ गोरखनाथले साधना गर्दथे । हाल त्यस गुफालाई अगलबगल गारो लगाएर कोठाको रूप दिइएको छ । यहाँ बौद्धमार्गी लामाहरूले कब्जा गरी साधनागृह बनाएका छन् । जङ्गल र बगैंचाभित्र जलस्रोत र कृत्रिम तलाउले गर्दा यो ठाउँ अत्यन्त रमणीय छ । मन्दिरभन्दा तल वासुकीदह छ र त्यसबाट

विशेषतः । ...गच्छ गोपाल मद वाक्या प्रतिच्यां चैव दिश्यतः । ऋक्षवत पर्वताधस्त्वं तत्रतिष्ट हरे । चिरम् ।३५ हिमवत्खण्ड, अ. १०६, ग्रन्थमाला प्र. ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तल झरेको पानी अर्को तलाउमा जम्मा हुन्छ । यस तलाउभित्र पानीमाथि देखिने गरी विभिन्न देवीदेवताका मूर्तिहरू स्थापित छन् । सफा जल र रङ्गविरङ्गका माछाहरूले तलाउको शोभा दर्शनीय बनेको छ ।

यहाँ विभिन्न समयमा श्रद्धालु व्यक्तिहरूले पूजाआजा गरी गुठी राखेका थिए भन्ने कुरा त्यहाँ भएका शिलापत्रबाट थाहा हुन्छ ।

पाटनका प्रसिद्ध राजा श्रीनिवास मल्लका भगीरथ भैया नामका बुद्धिमान् प्रधानमन्त्री थिए । यिनी कायस्थ कुलका हुन् र जनसेवी, योग्य भएका नाताले भगीरथ भैयाको नामले प्रसिद्ध भए । यिनले ने. सं. ७९९ (वि. सं. १७३५) कार्तिक कृष्ण नवमीका दिन शिखरनारायणलाई एउटा गरुडमूर्ति बनाई चढाएका थिए ।[४१]

पर्व र जात्राहरू :

शिखरनारायणका पुजारी राजोपाध्याय ब्राह्मणहरू छन् । यिनीहरूद्वारा नै नारायणको दैनिक पूजा सम्पन्न हुन्छ । विष्णुनारायणको पर्वदिन एकादशी र द्वादशी हो । यसमा विशेष पूजा हुन्छ । सबैभन्दा ठूलो पर्व हरिशङ्करजात्रा हो । यो पर्वले फर्पिङ सहरकै चहलपहल बढाउँछ र यस उत्सवका लागि फर्पिङवासीहरूले भागिदार बन्नुपर्छ ।

भाद्र शुक्ल द्वादशीमा सुरु भएको हरिशङ्करजात्रा आश्विन कृष्णको पूरै पक्ष चलेर आश्विन शुक्ल प्रतिपदाका दिन समाप्त हुन्छ ।[४२] काठमाडौंमा भाद्र शुक्ल द्वादशीमा इन्द्रजात्रा पर्वको लिङ्गो उभ्याउने काम हुन्छ र एक सप्ताहको चहलपहलपछि यो जात्रा सकिन्छ । भक्तपुर तथा पाटनमा पनि यस बेला अर्कै क्रमले इन्द्रजात्राका विशेषताहरूको पर्व हुन्छ भने फर्पिङ क्षेत्रमा दुई हप्ताको हरिशङ्करजात्राको तुरुन्तै पछि दसैं सुरु हुन्छ ।

शेषनारायण मन्दिरको वर्तमानकालिक विवरण :

१. पहराको आडमा रहेको यो मन्दिरमा जान बाटोबाट एउटा पानीको स्रोत पुलबाट पार गरी ढुङ्गाको सिँढी चढेर जानुपर्छ । मन्दिरको प्राङ्गण ठूलो छ । पश्चिम-उत्तरपट्टि पहराको आडमा मूर्तिहरू र केही शिलापत्र रहेका

---

४१ परिशिष्ट २ को अभिलेख ।

४२ हरिङ्करजात्रा, ले. कुलचन्द्र कोइराला, प्रज्ञा त्रैमासिक, अङ्क ६३, पृ. १ – १२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । ७ फिट ६ इन्च अग्लो जस्तापाताले छाएको मण्डप शैलीको मन्दिर छ ।

२. इँटाको गारो र काठबाट बनेको यस मन्दिरको चतुर्भुजाकार भए पनि लम्बाइ र चौडाइ भने फरक छ । लम्बाइ १३ फिट ६ इन्च छ भने चौडाइ ७ फिट ३ इन्च छ । अर्थात् उचाइभन्दा चौडाइ ३ इन्च कम छ ।

३. यस मन्दिरको गजुर भने ढुङ्गाको छ । एकान्त ठाउँ र जङ्गलनजिकको मन्दिर हुँदा धातुको गजुर असुरक्षित हुने डरले ढुङ्गाको राखिएको हो ।

४. हालको मूर्ति कालो पाषाणको २ फिट ३ इन्च उचाइ भएको चतुर्बाहु नारायणको सुन्दर मूर्ति छ ।

५. अगाडि सुरक्षाका निम्ति ग्रिल ठोकिएको छ ।

६. मन्दिरको पेटी दुई तह छ । पहिलो चौडाइ ४२ इन्च र उचाइ ३० इन्च छ । दोस्रो चौडाइ ३६ इन्च र उचाइ ७ इन्च छ ।

७. शिखरनारायणको जात्रा गर्दा रथमा राख्ने सुनको मोलम्बा भएको, शेषनागको फणाले छाताको रूप लिएको नारायण मूर्ति बाहिर असुरक्षित हुने भएकाले पुजारीको जिम्मामा रहेको छ ।

शिखरनारायणका विशेष पर्वहरू :

१. आश्विन कृष्ण चौथीको पर्व खटपूजा ।
२. ऐ. चौथीदेखि एकादशीसम्म बत्ती बाल्ने ।
३. आ. कृष्णदशमी पूजापर्व ।
४. ऐ. एकादशी पूजापर्व ।
५. ऐ. द्वादशी पूजापर्व ।
६. ऐ. त्रयोदशी पूजापर्व ।
७. ऐ. चतुर्दशी पूजापर्व ।
८. ऐ. औंसी पूजापर्व ।

उपर्युक्त पर्वपूजा हरिशङ्करजात्राभित्रका प्रतिवर्ष सम्पादन गरिने पर्व हुन् । भाद्र वदि ४ र १२ देखि १५ दिनसम्म नै यो जात्राको पर्व चल्दछ । अर्थात् भाद्र कृष्ण आ. कृ. द्वादशीसम्म ।

९. कार्तिक कृष्ण परेवा सत्तल पूजापर्व ।
१०. मार्ग कृष्ण १४ (बालाचतुर्दशी) दान दिने पर्व ।
११. मार्ग कृष्ण औंसी गोरखनाथपूजा (यसै गुठीबाट हुने) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२. फाल्गुण शुक्ल १४ (चतुर्दशी) चामुण्डापूजा (यसै गुठीबाट)।
१३. नारायणको विशेष पूजा फाल्गुण शुक्ल पूर्णिमा।
१४. वैशाख सङ्क्रान्ति (चुन पोत्ने खर्च), साँगु बनाउने खर्च। तीन-तीन वर्षमा गर्नुपर्ने।
१५. वैशाख शुक्ल ८ (अष्टमी) मा चामुण्डा पूजापर्व।
१६. (धाराको कुलो मर्मत गर्ने खर्चको दरबन्दी)।

खानगी :

पुजारी खानगी सरुवा चामल मुरी ६।११।२

शिखरनारायण फर्पिङ सावेक जग्गाको लगत :

सम्वत् १९९५ सालमा देवानी पहिलोको फैसलाबमोजिम लगत कसिएको शेष नारायणलाई रोजिन्दा फूलमाला २ चढाउने गुठी नारायण छाप भन्ने पाखो बारी मुरी अठार पाथी पन्ध्र रोपनी ४।। चार रोपनी एघार आना ४–११

छाप बारी पाखो पाटी मर्मत गर्ने जगेडा गुठी छ मुरीको रोपनी १–८

ने. सं. ८२९ (वि. सं. १७६५) को तामापत्रबमोजिम र १९०९ साल, १९४२ साल तथा १९८२ सालको लगतबमोजिम १९९७ सालमा लगत खडा भएको जम्मा जग्गा रोपनी तेत्तीस एक आना एक पैसा एक दाम <u>३३-१-१-१</u>

३९-०-१-१

जग्गाको आमदानी १९९७ सालको लगतबमोजिम जिन्सी नगदी :

आसामी – धान – फ. चा. – गहुँ – नगदी
३०।१२।२।८ – १२। – १। – २।२ – ५।३२।१

पाखो बारी तोरीको तेल आउने जम्मा रोपनी २१-१२– ऐ. को आउने तेल कुरुवा २१।।। को पाथी पाँच माना तीन र पाँच मुठी –।५।३।५।

जम्मा जग्गा रोपनी साठी रोपनी बाह्र आना एक पैसा एक दाम

६०-१२-१-१

तामापत्रबमोजिमको जग्गामध्ये बेपत्ता भएको खोजी लगत कस्नुपर्ने जग्गा बीस रोपनी २०-०-०-०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तामापत्रमा नभएको १९०९ सालमा लगत कसिएको जम्मा जग्गा चार रोपनी आठ आना ४-८-०

८५-०-१-१

खर्चको तेरिज :

खर्च हुने –

म. चामल मुरी	९।५।६।४
धान मुरी	१९।१८।७।९
तेल	।५।२।६।।
बाँकी	–
स. चामल मुरी	२।१४।२।६
धान मुरी	१०।१३।२।९
गहुँ	।२।२
तेल	।.।.।८।।.
नगदी	५।३२।१.

बाँकी जिन्सीको बजार भाउले हुने नगदी –

स. चामल २।१४।२।६ के मोरु. १। को ।३ (तीन पाथीले) जम्मा	१८।१०।३
धान १०।१३।२।९ के मोरु १। को पाथी ।५ ले जम्मा	४२।६७।१
गहुँ ।२।२ के रु. १। को ।४।१ ले मोरु	।७२
तेल ।।।८।। (साढे आठ मुठी) के कुरुवा १ को साठी पैसाका दरले	।२५।१

शिखरनारायणको पर्वपूजा र नित्यपूजासमेतको खर्चको हिसाब गरी १९९७ सालमा उपर्युक्त दरबन्दी कायम भएको छ ।

पूजापर्व चलाई बचत हुन आएको रकम पनि पुजारीले खान पाउने तामापत्रको दरबन्दी भएको र त्यसलाई समर्थन गर्ने १९४२ सालमा सनद भएको देखिनाले १।- रु. को शेष कसरबापत गुठी अड्डामा बुझाई पुजारीले चलाउने छुट गुठी भएको प्रमाणबाट देखिन्छ ।

परिशिष्ट नं. १

फर्पिङ शिशरनारायणको भगीरथ भैयाको कोछु टोलका धाराको अभिलेख

१. स्वस्ति ॥ श्रेयोऽस्तु सम्बत् ७९७ चैत्र मासे ॥ श्री श्रीज

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. य श्री निवास मल्लदेव प्रभु ठाकुलस, मन्त्री भगीर
३. थ भैया न थम चिता यास्यं फणपीं देशया ध्वाका
४. दक्यं ह्लोङ धसिपोलन इ षा मखु ध्वाका नथि
५. लस लोह वनचिङ श्री शिखर नारायणया
६. लोह ध्वाका दयका हन हिति ह्लोङ जुरो ॥ ध्व
७. हितियात थवने चोंगुलि हितिने गुलिनं स्ववो
८. स छिवो छिवो लाख वोति वियमाल जुरो को
९. छु को त्वार मदयक आवगाहा ङोले मदो जु
१०. रो ॥ धर छार वनेमाल काले देश समोहन
११. वनेमार जुरो लस ध्वाकास दय दसं निदा
१२. न याय माल ध्वगुलि स साहान छोय मदौ
१३. सिसाले मदो जुरो ॥ ध्वते भाषा सुनान जुरस
१४. नों ध्व चोस्यं तयाथ्य यायमार चोस्य तयाथ्य
१५. मया तसा श्री श्री ठाकुलस गुणाहगार ला
१६. क जुरो ॥ ध्वज्यास चितायाक यँलया नरहरि
१७. भारो मानसिं भारो हाकुदेव भारो न्हवन
१८. भारो तुलसी राम भारो ग्वविन्द भारो वि
१९. श्वसिंह भारो विश्वहरि सुज्ज ध्वते जुरो शु
२०. भ ॥

(मेडियाभल नेपाल, भाग ४, पृ. १७२, डा. रेग्मी)

परिशिष्ट नं. २

पाटनका मन्त्री भगीरथ भैयाले श्री शिखरनारायणलाई गरुड बनाई चढाउँदाको अभिलेख

१. स्वस्ति ॥ श्रेयोऽस्तु ॥ सम्बत् ७९९ कार्तिक कृष्ण नवमी मघानक्षत्र ब्रह्मयोग सो
२. मवार थ्व कुन्हु श्रीमणिग्लाधिपति महाराजा धिराज श्री श्री जय श्री नि
३. वासमल्ल देव ठाकुलस मन्त्री भागीरथ भैयान श्री मत् शिखनारायण
४. ण प्रीतिन थ्व गरुड स्थापना याङन दुन्ता जुरो ॥ थ्व गरुड सुनान जुद्धनो
५. इचेल थिचेल याङ सन्ने भदौ जुरो ॥ सुनान इचेल थिचेल याङ सन्नि
६. स पंच महा पातक लाक जुरो ॥ थ्वया चिन्तायाक प खाल षुतव
७. दुछे अमाते नरहरि भारो जुरो ॥ शुभमस्तु सर्वदा ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवाद

कल्याण होस् । ने. सं. ७९९ (वि. सं. १७३५) कार्तिक कृष्ण नवमी सोमबार मघा नक्षत्र ब्रह्मयोग यस दिन श्री माणिग्लका अधिपति महाराजाधिराज श्री श्री निवास मल्लदेव ठाकुरका मन्त्री भागीरथ भैयाले श्री ३ शिखरनारायण प्रसन्न पार्न यी गरुडको स्थापना गरिएको हो । कसैले गरुडलाई थिचोमिचो गर्नु हुन्न । कसैले थिचोमिचो गरे भने पञ्चमहापातक लागोस् । यस कुरालाई हेरचाह गर्ने यखालँखु तवज दुछेका अमात्य नरहरि भारो ॥ सधैं शुभ होस् ॥

परिशिष्ट नं. ३

श्री शिखरनारायण फर्पिङको मन्दिरमा रहेको पाटनका राजा श्री राज्यप्रकाश मल्लको नित्यपूजाका लागि जग्गा गुठी राखेको अभिलेख

१. स्वस्ति ॥ श्री शिखर नारायणाय नमः ॥ श्रुति युद्धरते जगती सवते धरणीधर
२. ते रमणीय गते दितिज क्षपम ननुते खल वाहु जनाशकृत ...ते । द
३. श मौलिक खण्डन माचरते वलदेव मुदा करुणामयतेति बितण्डमतं मथते
४. भवत नरसिंह देया नद तस्तु नमः ॥ प्रणमज्जन गंगल दायकता भुवने सपने
५. हिबने वितता भवता नरसिंह नृकेशरिता दुरित भव पापचये निरता । हरितो
६. हरितो भवता भवता नुसरन्ति जनादिति जावनता...
७. भयते ...यतो सुरवै भुजो वनिताः ॥ विधु मुनि वसु सख्येव्दे हि नैपाल
८. ...सुर गुरुयुत पूर्व्वाषाढ क...
९. प्रीतियोगे व्यतरन व्यनिपाशः श्रीनृसिंह प्रसादे ॥ श्री मद्भूप जगज्जयात्म जः
१०. निभा ग्वीरः सतामणी धीर श्री वसुधाधिपते कुमुदिनी यस्य प्रसूद्धर्मधीः
११. श्रीमच्छ्री करुणामयस्य करुणा पात्र सदा भक्ति मान् शास्ती सील्लालितायु
१२. रावनि म... राज्य प्रकाशोमुदा ॥ श्री श्री शिखर नारायण प्रमुद चामृत वै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३. व । पुरय ममतु मनोरथ शरणं त्वमसि मुदैक ॥ ॐ अद्य श्वेत वराह
१४. कल्ये त्यादि ॥ श्रेयोऽस्तु ॥ सम्वत्सरे ८७१ श्रावण मासे शुक्लपक्षे ॥ त्र
१५. योदश्यां तिथौ ॥ पूर्व्वा षाढा नक्षत्रे प्रीतियोगे ॥ वृहस्पति वासरे ॥ थ्व
१६. कुन्हु श्री माणीग्लाधि पति महाराजाधिराज श्री श्री जय राज्य प्रका
१७. शमल्लदेव सन श्री ३ शिख नारायण प्रीतिन न्नरहरिपुर छे द
१८. यकं नित्य पूजा यात, सेह्लोयात वुदुन्ताया भाषा थ्वते ॥ भाषा
१९. न्हु घादोल वाटिका कर्ष शतछि १०० थ्वते वुया वर्ष प्रति बत्सनन
२०. के ग्वड चेक खान धूप, दीप, नैवेद्य, निश्लाव यात बजिकुडनसि २
२१. धेर... मधितानसि २ थ्वते दयकं, श्री ३ शिख नारायणास्के नित्य पूजा
२२. याय माल जुलो ॥ भूयः वालतोयुव चागाल बाटिक कर्षङ
२३. ५० थ्वतेयुया वर्ष प्रति वरसानन नरहरिप्ररछे यात सेल्होया
२४. त दि जुरो ॥ थ्वतेया साक्षी द्विजवर श्री नीलकण्ठा नन्दोपाध्या शर्मा
२५. शुभ ॥

(मेडियाभल नेपाल भाग ४ को पृ. ३०१ मा यो प्रकाशित छ ।)

वैष्णव सम्प्रदाय र नारायण मन्दिर, असार २०५१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिणकालिका, हरिशङ्करजात्रा र शिखरनारायण

कुलचन्द्र कोइराला (१९८५ – २०५०) मौलिक सृजना-अन्वेषणका अतिरिक्त राजनीति र सामाजिक सेवाक्षेत्रका पनि उज्ज्वल नक्षत्रका रूपमा विख्यात नाम हो । 'भीमसेन थापा' (महाकाव्य) र 'भृकुटी' (खण्डकाव्य) जस्ता काव्यले उनको पाद्यिक रचनाक्षमता प्रदर्शन गर्दछन् भने 'बाजेपुराण', 'कुलचन्द्र कोइरालाका निबन्ध' र 'एक पैसा' जस्ता कथासङ्ग्रहले गाद्यिक लेखनक्षमताको साक्ष्य दिन्छन् । 'नेपालका आराध्य देव श्रीपशुपतिनाथ', 'शाक्त सम्प्रदाय र शक्तिपीठ', 'वैष्णव सम्प्रदाय र नारायण मन्दिर' अनि 'इन्द्रजात्रा' जस्ता दर्जनौं सांस्कृतिक क्षेत्रका खोजमूलक पुस्तकले उनको विद्वत्ता र लगनशीलताको मात्रै होइन; द्रुतपठन र द्रुतलेखनक्षमताको पनि प्रमाण पेस गरेका छन् । खोजमूलक पसिनाका थोपाले क्लिन्न बनेको यो पुस्तक उनले स्वतन्त्र रूपमा लेखेर विभिन्न पत्रपत्रिकामा प्रकाशित गरेका तीन प्राचीन मूल्यसँग सम्बद्ध खोजमूलक लेखको सँगालोका रूपमा रहेको छ । यसमा कोइरालाले लिच्छविकालदेखि समाजमा मान्य, आचरणीय रूपमा रहेको दक्षिणकाली क्षेत्रमा प्रचलित हरिशङ्करजात्रा र त्यहींको पहराको कापमा रहेको नारायण मन्दिरको मात्र ज्ञान गराउँदैनन् अपितु दक्षिणकालिकाको महत्त्वसमेत प्रतिपादन गर्दछन् । पुराण, अभिलेख र लौकिक अनुश्रुतिको त्रिवेणी बनेको यो पुस्तक नेपाली सांस्कृतिक क्षेत्रको शुक्रतारा बनेर रहने विश्वास गर्न सकिन्छ । शिवका पाँच मुख र त्यसको शास्त्रीय तथा तान्त्रिक महत्त्वका सम्बन्धमा पनि यत्किञ्चित् प्रकाश पारेकाले यस पुस्तकको महिमा झनै बढेको सुधीजनले आत्मसात गर्ने दृढ विश्वास गर्न सकिन्छ ।

प्रा. डा. कुलप्रसाद कोइराला
स्वआवास, बानेश्वर, काठमाडौं
२०७४।२।८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal